
२०६० मा स्थापना भई रुकुम (पूर्व–पश्चिम) जिल्लाको समुदाय रुपान्तरणमा समर्पित

आ.व. २०८१/०८२ को

# बार्षिक प्रतिवेदन

मिक नेपालको चाहाना: समतामुलक, सशक्त र आत्मनिर्भर समाजको स्थापना''



## COMMUNITY DEVELOPMENT PROJECTS

5

1. Sammbodhan
2. SEED
3. SEEP
4. ANLP
5. ABLE II




**Supported by 5 Partner Organizations: UMN, Fastenaktion, FAIRMED Nepal, Ipas Nepal, WHH**

- संस्थाको संक्षिप्त परिचय
- कार्यक्रमका झलकहरु
- परियोजनागत विस्तृत प्रगती विवरण
- आ. व २०८१/०८२ आर्थिक विवरण
- सफलताको कथाहरु

Click!

मिक नेपाल


## नेपाल मगर समाज सेवा तथा सुचना केन्द्र (मिक नेपाल)

## Nepal Magar Society Service & Information Center (MIC Nepal)

Sisne Rural Municipality -06 Rukumkot, Rukum (East Part), Nepal

Tel: +088530216, +9779857828588, micnepal60@gmail.com https://micnepal.org.np

# अध्यक्षको सन्देश



समतामूलक, सशक्त तथा आत्मनिर्भर समाजको स्थापना गर्ने परिकल्पनासहित यस संस्थाले रुकुम पश्चिम र रुकुम पूर्व जिल्लामा विशेषगरी गरिब, विपन्न, महिला, बालबालिका, जनजाति तथा दलित समुदायलाई केन्द्रमा राखी निरन्तर रूपमा कार्य गर्दै आइरहेको छ। संस्थाले स्थापनाकालदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी एवं गैरसरकारी संघ-संस्थाहरूको सहयोग र साझेदारीमा विभिन्न रोजगारमूलक, सीपमूलक, जनचेतनामूलक, बाल संरक्षण, वातावरण संरक्षण तथा साना भौतिक पूर्वाधार निर्माणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

यी कार्यक्रमहरू लक्षित समुदायसम्म प्रभावकारी रूपमा पुऱ्याउन आर्थिक, भौतिक तथा प्राविधिक सहयोग प्रदान गर्नुहुने रुकुम पूर्वस्थित स्थानीय तहहरू–पुथा उत्तरगंगा गाउँपालिका, भूमे गाउँपालिका र सिस्ने गाउँपालिका साथै सहयोगी दातृ निकायहरू युनाइटेड मिसन टु नेपाल (ग:ल), फेरमेड फाउण्डेसन नेपाल र फास्टेन एक्सन स्विट्जरल्यान्डप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

यस प्रतिवेदनमा आर्थिक वर्ष २०८१/०८२ श्रावणदेखि आषाढसम्म लक्षित कार्यक्षेत्रमा सम्पन्न भएका प्रमुख क्रियाकलापहरू, उपलब्धिहरू, सिकाइहरू तथा देखिएका समस्याहरूको संक्षिप्त विवरण समेटिएको छ। साथै संस्थागत विकासका लागि गरिएका प्रयासहरूबारे पनि यसमा उल्लेख गरिएको छ। यस वर्ष प्राप्त सिकाइहरूले आगामी दिनमा वार्षिक योजना तर्जुमा तथा परियोजना/कार्यक्रम कार्यान्वयन गर्दा संस्थामात्र नभई सम्बन्धित सरोकारवालाहरूलाई समेत सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, यस प्रतिवेदनको प्रकाशनका लागि निरन्तर रूपमा मेहनत गर्नुहुने कर्मचारीहरू तथा प्राविधिक सहयोग पुऱ्याउनुहुने कार्यसमितिका मित्रहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। यस प्रतिवेदनमा कुनै त्रुटि वा कमी देखिएमा सम्पूर्ण सरोकारवालाहरूबाट प्राप्त हुने अमूल्य सल्लाह तथा सुझावका आधारमा आगामी वर्षको प्रतिवेदनलाई थप परिमार्जन गर्ने अवसर प्राप्त हुने अपेक्षा लिएको छु, जसले संस्थालाई अझ उत्साहित र सशक्त बनाउनेछ भन्ने विश्वास छ ।

...............................

ललिता बुढा
अध्यक्ष

# बिषय सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| **१.** | **रुकुम (पश्चिम र पूर्व) जिल्लाको संक्षिप्त परिचय** | |
| १.१ | रुकुम पूर्व जिल्लाको संक्षिप्त परिचय | ४ |
| १.२ | रुकुम पश्चिम जिल्लाको संक्षिप्त परिचय | ४ |
| **२.** | **संस्था (मिक नेपाल) को संक्षिप्त परिचय** | |
| २.१ | संस्थाको परिचय | ६ |
| २.१.१ | संस्थाको परिकल्पना | ६ |
| २.१.२ | संस्थाको ध्येय | ६ |
| २.१.३ | संस्थाको लक्ष्य | ६ |
| २.१.४ | संस्थाको उद्देश्यहरु | ६ |
| २.१.५ | संस्थाको मूल्य मान्यता | ७ |
| २.१.६ | संस्थाको कार्यगत रणनीतिहरु | ७ |
| २.१.७ | संस्थागत नीति, नियमावली तथा निर्देशिकाहरु | ८ |
| २.१.८ | संस्था दर्ता, आबद्धता तथा सूचीकृत विवरण | ८ |
| २.१.९ | यस आ.व.मा गरिएका संस्थागत विकास सम्बन्धी गतिविधीहरु | ९-११ |
| २.१.१० | संस्थाको आन्तरिक बजेट तथा खर्च विवरण (२०८१/०८२) | ११ |
| २.१.११ | संस्थागत विकास अर्न्तगत आर्थिक विवरण | ११ |
| २.१.१२ | संस्थामा समावेशीकरणको अवस्था | ११ |
| **३.** | **संस्थाको विषयगत क्षेत्रमा भएको विस्तृत प्रगती विवरण** | |
| ३.१ | शिक्षा, स्वास्थ्य र सरसफाई | |
| | ३.१.१ प्रत्येक बालबालिका तथा किशोर-किशोरीहरुको उत्तम जीवन छनौट | १४ |
| | ३.१.२ विद्यालय शिक्षा सुदृढीकरण परियोजना (सीप) | २० |
| | ३.१.३ सम्बोधन परियोजना | २६ |
| ३.२ | वन, वातावरण तथा जलवायु परिवर्तन | |
| | ३.२.१ दीगो वातावरण तथा आर्थिक विकास परियोजना | ३७ |
| ३.३ | दीगो जीविकोपार्जन | |
| | ३.३.२ पोषण तथा जीविकोपार्जन प्रवर्द्धनका लागि पर्यावरणीय कृषी | ४१ |
| **४.** | **अनुसूचीहरु** | |
| | अनुसूची १- संस्थाको बर्षभरीको आर्थिक विवरण | ४६ |
| | अनुसूची २- संस्थाको सम्पूर्ण परियोजनाबाट लाभान्वित वर्गहरुको विवरण | ४७ |







# १. रुकुम पश्चिम र पूर्व जिल्लाको संक्षिप्त परिचय

## १.१ रुकुम पूर्व जिल्लाको संक्षिप्त परिचय

रुकुम (पूर्व) जिल्ला नेपालको कान्छो जिल्ला र लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला हो । रुकुम (पूर्व) मा विभिन्न जातजाति, भेषभूषा, भाषा तथा संस्कृति, चाडपर्व र धार्मिक विविधता रहेको छ । समुद्र सतहदेखि ७२४६ (पुथा हिमाल) मिटर उचाईमा रहेको यस जिल्ला १६६३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ ।

पूर्वमा बाग्लुङ र म्याग्दी, पश्चिममा रुकुम (पश्चिम), उत्तरमा डोल्पा र दक्षिणमा रोल्पा जिल्लासँग सिमा जोडिएको यस जिल्लामा ८०% भन्दा बढी खाम मगर भाषीहरुको बसोबास रहेको छ । रुकुम (पूर्व) को सदरमुकाम अस्थायी रुपमा सिस्ने गाउँपालिकाको रुकुमकोटमा रहेको छ । सिस्ने, भूमे र पुथा उत्तरगंगा गरेर जम्मा ३ वटा मात्रै स्थानीय तह रहेको यस जिल्लामा ५३,०१८ जना मानिसहरुको बसोबास रहेको छ । जसमा २९,४८७ जना महिला छन् भने २४,८५४ जना पुरुष रहेका छन् ।

यस जिल्लामा ११,२०० घरधुरी रहेका छन् । मध्यपहाडी लोकमार्ग यस जिल्लाको सिस्ने र भुमे गाउँपालिकाको बिचबाट सञ्चालन भएको छ भने राप्ती राजमार्ग जिल्लाको भुमे र पुथा उत्तरगंगा गाउँपालिकाको बिचबाट सञ्चालन भइरहेको छ । भौगोलिक रुपमा भने यो जिल्ला निकै विकट रहेको छ । अहिले जिल्लाका अधिकांश ठाउँमा सडक सञ्जाल पुग्ने क्रम जारी रहेको छ । जिल्लामा रहेका ३ वटै स्थानीय तहको केन्द्रमा सडक सञ्जाल पुगेको छ । गाउँपालिकाको केन्द्रमा सडक पुगेपनि यहाँका गाउँबाट गाउँपालिकाको केन्द्रमा पुग्नको लागि एउटा वडाबाट एक दिनको पैदल यात्रा गर्नुपर्ने बाध्यता अझै रहेको छ ।

भौगोलिक विकट्ताका कारण सबै ठाउँमा सडक सञ्जाल नपुगेकोले यहाँका केही वडामा खच्चड मार्फत सामाग्रीहरु ओसारपसार गर्नुपर्ने बाध्यता छ । यो जिल्लामा स्याउ, हाडे ओखर, आलु, सुन्तला उत्पादन हुने गर्दछन् । यसका साथै यहाँ विभिन्न जडिबुटीको प्रचुर सम्भावना रहेको यस जिल्लामा बहुमुल्य यार्सा समेत पाइने गर्दछ । भने पाँच औंले, पदमचाल, सेतेक चिनी लगायतका जडिबुटीहरु पाइने गर्दछन् । पर्यटकीय हिसाबले समेत प्रचुर सम्भावना रहेको यस जिल्लामा ५,००० मिटरभन्दा बढी उचाईका विभिन्न ६ वटा हिमालहरु समेत रहेका छन् ।

(स्रोत : पुथा उत्तरगंगा गाउँपालिको वस्तुस्थिति विवरण २०७४)

## १.२ रुकुम पश्चिम जिल्लाको संक्षिप्त परिचय

यो जिल्ला कर्णाली प्रदेश अन्तर्गत पर्ने एक जिल्ला हो । रुकुम (पश्चिम) जिल्ला कर्णाली प्रदेशको २८° ०० मिनेटदेखि २९° ०० मिनेट उत्तरी देशान्तर र ८२° २९ मिनेटदेखि ८२° ५३ मिनेट पूर्वी अक्षांशमा अवस्थित् छ । यस जिल्लामा विभिन्न जातजाति, भेषभूषा, भाषा तथा संस्कृति, चाडपर्व र धार्मिक विविधता रहेको छ । समुद्र सतहदेखि ५९११ ( सिस्ने हिमाल) मिटर उचाईमा रहेको यस जिल्ला २११२.७७ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ ।

जिल्लाको पूर्वमा रुकुम (पूर्व), पश्चिममा जाजरकोट, उत्तरमा डोल्पा र दक्षिणमा सल्यान र रोल्पा जिल्लासँग सिमा जोडिएको यस जिल्लामा अधिकांश क्षेत्री जातीको बाहुल्यता रहेपनि अन्य सबै जातिहरुको पनि बसोबास रहेको छ । रुकुम (पश्चिम) को सदरमुकाम मुसिकोट नगरपालिकाको खलंगामा रहेको छ । यस जिल्लालाई राजनैतिक रुपमा ३ नगरपालिका, ३ गाउँपालिका र प्रदेश सभा निर्वाचन प्रयोगार्थ २ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । यस जिल्लामा १,५५,३८३ जना मान्छेको बसोबास रहेको छ । जसमा ८१,२०४ जना महिला छन् भने ७४,१७९ जना पुरुष रहेका छन् ।

यस जिल्लामा २८,२३१ घरधुरी रहेका छन् । मध्यपहाडी लोकमार्ग यस जिल्लाको मुसिकोट नगरपालिका, सानीभेरी गाउँपालिका र चौरजहारी नगरपालिकाको बिचबाट सञ्चालन भएको छ । भौगोलिक रुपमा भने यो जिल्लाका केही भाग अति विकट रहेको छ । अहिले जिल्लाका अधिकांश ठाउँमा सडक सञ्जाल पुग्ने क्रम जारी रहेको छ । जिल्लामा रहेका ६ वटै स्थानीय तहको केन्द्रमा सडक सञ्जाल पुगेको छ ।

भौगोलिक विकट्ताका कारण प्रायः सबै ठाउँमा सडक सञ्जाल पुगेको भएतापनि कच्ची सडकका कारण कतिपय वडामा अझै खच्चड मार्फत सामानहरु ओसारपसार गर्नुपर्ने बाध्यता छ । यो जिल्ला नगदे बाली र तरकारी बीउ उत्पादनमा चिरपरिचित छ । केही ऐतिहासिक तथा पर्यटकीय स्थानहरु जस्तै : मुसिकोट, आठबिसकोट, कोटजहारी, चौरजहारी, स्यार्पुताल, खारादह, डिग्रे मन्दिर र सिस्ने हिमाल (५९११ मि.) आदि सम्भावित रहेका छन् ।

(स्रोत : जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८, सातौं पुनरावलोकन २०७६



# २. मिक नेपालको संक्षिप्त परिचय
## Introduction of MIC Nepal

## २.१ संस्थाको परिचय

नेपाल चार जात छत्तिस वर्णको साझा फुलवारी हो । जहाँ सबै प्रकारका भाषा, धर्म, संस्कृति र वर्गका मानिसहरुको बसोवास रहेको छ । यस मध्ये आफ्नो छुट्टै पहिचान भएको मगर जाति हो । जनसंख्याको आधारमा मगर समुदाय नेपाल अधिराज्यमा तेस्रो स्थानमा भए पनि अन्य क्षेत्रमा धेरै पछाडि परेको अवस्था छ । अझ रुकुम पूर्वी जिल्लामा बसोबास गर्ने खाम मगर (जनजाति) जातिहरु आर्थिक, शैक्षिक, राजनीतिक दृष्टिकोणले धेरै नै पिछडिएका छन् । भौगोलिक विकटताका कारण सूचना, सञ्चारको पहुँचमा कमी, विकासका पूर्वाधारबाट वञ्चित, स्थानीय स्रोत साधन प्रशस्त हुँदाहुँदै पनि शिक्षाको अभावमा यसको सदुपयोग गर्न नसकी पछाडि परिरहेको अवस्था छ । देशमा संघीयता लागू भएसँगै प्रदेश सरकार र स्थानीय सरकारले भौतिक संरचना अर्न्तगत सडकका केही प्रयासहरु गरिरहेको भएतापनि यस क्षेत्रमा भएका समुदायको जीवनमा अपेक्षाकृत सकारात्मक परिवर्तन भएको पाईंदैन भने अर्कोतिर खाम भाषा, सँस्कृति लोप हुने अवस्थामा रहेकाले यी समस्याहरुलाई सम्बोधन गर्न मिति २०६० साल कार्तिक १९ गते यो संस्था स्थापना भएको हो ।

संस्थाको परिकल्पना, ध्येय, लक्ष्य तथा उद्देश्य प्राप्त गर्न स्थापनाकालदेखि हालसम्म विभिन्न गतिविधिहरु तथा कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ । यस कार्यका लागि विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय दातृ निकाय, स्थानीय निकाय तथा अन्य सरोकारवाला निकायहरुको अमूल्य सहयोग रही आएको छ । आ.व.२०८१/०८२ मा पनि विभिन्न अन्तरराष्ट्रिय दातृ निकाय, स्थानीय निकाय साथै कार्यक्षेत्र भित्रका लक्षित समुदायको अमूल्य सहयोगका कारण विभिन्न कार्यक्रमहरु सफल्ताका साथ कार्यान्वयन गर्न सकेको छ ।

### २.१.१ संस्थाको परिकल्पना (Vision) : "समतामुलक, सशक्त र आत्मनिर्भर समाजको स्थापना"

### २.१.२ ध्येय (Mission)

जन-वकालत र सशक्तिकरणको माध्यमबाट लक्षित समुदायको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य साथै सेवा तथा श्रोत माथिको पहुँचमा अभिवृद्धि गरी आत्मनिर्भर समाजको स्थापनामा सहयोग पुऱ्याउने ।

### २.१.३ लक्ष्य (Goal)

संस्थाले स्थानीय श्रोत र साधनको अधिकतम परिचालन, संस्थागत विकास, क्षमता अभिवृद्धि, वातावरण तथा स्थानीय भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन गरी लक्षित समुदायको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य अवस्थामा सुधार भएको हुनेछ ।

### २.१.४ उद्देश्यहरु (Objectives)

- जातजातिको भाषा, धर्म र संस्कृतीको संरक्षण र सर्म्वद्धन गर्न औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- वन, वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका लागि कार्यक्रमहरु सञ्चालन गर्ने ।
- पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सामाजिक भेदभाव तथा लागु औषध दुर्व्यसनी विरुद्ध पैरवी तथा जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- संस्थाको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गर्न संस्थागत नीति नियमहरुको विकास, मानवीय क्षमता विकासका लागि तालिम, गोष्ठी तथा अवलोकन, भ्रमण आयोजना गर्ने ।
- सुचना र सञ्चारमा जनसमुदायको पहुँचको वृद्धि गर्न सामुदायिक सुचना केन्द्रको स्थापना, मातृभाषाका विभिन्न कार्यक्रमहरु सञ्चालन, पुस्तक तथा पत्र-पत्रिकाहरु प्रकाशन र सामुदायिक रेडियो, टेलिभिजन सञ्चालन गर्ने ।
- महिला, बाल-बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।


➢ स्थानीय श्रोत साधनको अधिकतम परिचालन गरी आधुनिक कृषी प्रणालीको विकास र कृषीजन्य आयआर्जनमा जोड दिने ।

➢ सम्बन्धित निकायबाट अनुमती लिई बाल गृह र एम्बुलेन्स सेवा सञ्चालन गर्ने ।

### २.१.५ संस्थाको मुल्य मान्यता :




### २.१.६ संस्थाको कार्यगत रणनीतिहरु :



### २.१.७ संस्थागत नीति, नियमावली तथा निर्देशिकाहरु

| क्र. सं. | नीति, नियमावली तथा निर्देशिकाहरु | क्र.सं. | नीति, नियमावली तथा निर्देशिकाहरु |
|---|---|---|---|
| १. | विधान २०६०, चौथो संशोधन २०७६ | २. | आर्थिक प्रशासन नियमावली २०६६, छैटौं संशोधन २०८२ |
| ३. | कर्मचारी तथा प्रशासन नियमावली २०६६, दोस्रो संशोधन २०७३ | ४. | पञ्चवर्षिय रणनीतिक योजना २०६७, दोस्रो पञ्चवर्षिय रणनीतिक योजना २०७७ |
| ५. | कोष अभिवृद्धि निर्देशिका २०६७ | ६. | श्रोत व्यवस्थापन तथा परिचालन निर्देशिका २०६७ |
| ७. | स्वयंसेवक व्यवस्थापन निर्देशिका २०६७ | ८. | अनुगमन तथा मुल्यांकन निर्देशिका २०६७ पहिलो संशोधन २०७१ |
| ९. | भ्रष्टाचार प्रतिरोधक नीति २०७२ | १०. | बालबालिका तथा जोखिमयुक्त व्यक्तिहरुको संरक्षण नीति २०७४ (पहिलो संशोधन २०७८) |
| ११. | पर्यावरण तथा जलवायु परिवर्तन नीति २०७४, पहिलो संशोधन ८० | १२. | द्वन्द्व सम्वेदनशीलता नीति २०७४ |
| १३. | लैङ्गिक नीति २०७६ | १४. | स्वास्थ्य तथा सुरक्षा निर्देशिका २०७७ |
| १५. | आन्तरिक लेखा परीक्षण निर्देशिका २०७९ | १६. | डिजिटल साक्षरता कार्यक्रम व्यवस्थापन तथा सञ्चालन सम्बन्धि निर्देशिका २०७२ |

### २.१.८ संस्था दर्ता, आबद्धता तथा सूचिकृत विवरण

| क्र.स. | आवद्धता नं. | आवद्धता मिति | दर्ता, आवद्धता तथा सुचिकृत गरिएको कार्यालयहरु |
|---|---|---|---|
| १ | ६६ | २०६०/०७/१९ | जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) |
| २ | १५८३० | २०६०/१०/१५ | समाज कल्याण परिषद, काठमाण्डौं |
| ३ | २५ | २०६०/०९/०८ | गैरसरकारी संस्था महासंघ, रुकुम (पश्चिम) |
| ४ | ०३ | २०६२/०१/१५ | महिला तथा वालवालिका कार्यालय, रुकुम (पश्चिम) |
| ५ | ३०१७२६२०३ | २०६१/०७/२५ | आन्तरिक राजश्व कार्यालय, दाङ्ग |
| ६ | ७ | २०६०/१२/०२ | मानवअधिकार तथा सामाजिक न्याय मञ्च, काठमाण्डौं |

### २.१.९ यस आ.व.मा गरिएका संस्थागत विकास सम्बन्धी गतिविधीहरु

(क) संस्थागत सामाजिक लेखा परिक्षण

संस्थाको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने, संस्थाको पारदर्शिता, सेवाको गुणस्तर, सूचना र पैरवी जस्ता सेवा प्रवाहको स्तर लगाएत सहभागिता र समावेशीताका प्रक्रियालाई मार्गदर्शन गरी सहभागीबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्नु तथा जिम्मेवार संस्कार बसाउन मद्दत गरी सामाजिक उत्तरदायित्व सहितको संस्था विकास गर्ने उद्देश्यले मिति २०८१ कार्तिक १७ गतेका दिन रुकुमकोट स्थित् चाइनिज होटलमा संस्थाको ११ औं सामाजिक लेखा परिक्षण सम्पन्न गरिएको थियो । रुकुम (पूर्व) अर्न्तगतका संस्थाका प्रत्यक्ष सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

सर्वप्रथम, आ.व.२०८०/०८१ मा संस्थाले गरेका सम्पूर्ण क्रियाकलापहरुको प्रस्तुतीकरण गरिएको थियो जसमा सामाजिक लेखा परिक्षणका सहजकर्ता रमेश खड्काले विभिन्न विधीबाट सहजीकरण गर्नु भएको थियो । सहजकर्ताको प्रतिवेदन अनुसार यस परीक्षणबाट संस्थाको अवस्था यसप्रकार रहेको थियो ।

सामाजिक परिक्षणका चरणहरु :

➢ **पुर्व तयारी तथा अध्ययन** :

नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र रुकुमले गरेका क्रियाकलापका बारेमा सहजकर्ताले जानकारी लिनुका साथै स्थानिय सरोकारवाला निकायसंग छलफल गर्ने कार्य गरिएको थियो। साथै आवश्यक जानकारी लिई तोकिएको ढाँचामा प्रतिबेदन तयारी गर्न लगाईएको थियो । यस पटक कर्मचारीप्रति समुदायको बुझाईका बारेमा समेत कार्यक्रममा सहभागी समुदायका प्रतिनिधीहरुसंग जानकारी लिने कार्य समेत गरिएको थियो ।

➢ **प्रस्तुतिकरण** :

आर्थिक वर्ष २०८०/०८१ मा संस्थाले विभिन्न निकायको सहयोगमा सञ्चालन गरेको परियोजना तथा क्रियाकलापहरुको निम्न अनुसारको विवरण प्रस्तुतिकरण गरिएको थियो ।

| क.सं. | परियोजनाको नाम | कार्यक्षेत्र | दातृ निकाय | बजेट | खर्च बजेट |
|---|---|---|---|---|---|
| १ | स्थानीय परम्परागत ज्ञानको स्तरोन्नतीको लागि रुपान्तरण परियोजना | पुथा उत्तरगंगा गा.पा.११, रुकुम पूर्व | यु.एम.एन. | ३१७६०५। | ३१७६०५। |
| २ | प्रत्येक बालबालिका तथा किशोर-किशोरीहरुको लागि उत्तम जीवन प्राप्ती | पुथा उत्तरगंगा गा.पा.का ९ वटा वडाहरु, रुकुम पूर्व | यु.एम.एन. | ७५८६५०३। | ७५८६५०३। |
| ३ | दीगो वातावरण तथा आर्थिक विकास परियोजना | पुथा उत्तरगंगा गा.पा.का १० वटा वडाहरु, रुकुम पूर्व | यु.एम.एन. | ८९९८२२४। | ८९९८२२४। |
| ४ | पोषण तथा जीविकोपार्जन प्रबर्द्धनका लागि पर्यावरणीय कृषि परियोजना | सिस्ने गा पा १ र २ | फास्टेनएक्सन | १८५९७९९। | १८५९७९९। |
| ५ | विद्यालय शिक्षा सुदृढिकरण परियोजना (सीप) | पुथा उत्तरगंगा गा.पा.का १० वटा वडाहरु, रुकुम पूर्व | यु.एम.एन. | ५६७७८१४। | ५६७७८१४। |

संस्थाको आन्तरिक आय ९,८५,४४८। र व्यय ७,८०,७१३।

**संस्थामा समाबेसी र नीति नियमको पालना**: कार्यसमितिका पदाधिकारी र कर्मचारीहरुमा समाबेसी रहेको। संस्थालाई आवश्यक पर्ने बिभिन्न नीति नियमावलीहरु तयार गरि पालना गरिएको । यस वर्ष संस्थामा कर्मचारी प्रशासनिक नियमावली र आर्थिक प्रशासनिक नियमावली संशोधन गरिएको । संस्थामा रणनीतिक योजना अनुसार कृयाकलापहरु संचालन गरिएको ।

सामाजिक परिक्षणमा सहभागीहरुका प्रश्न तथा पृष्ठपोषणहरु :

- किशोरी तथा किशोर लक्षित कार्यक्रमहरू प्रभावकारी देखिए पनि अभिभावक तथा समुदायकातहसम्म सन्देश पुर्याउन कार्यक्रम थप आवश्यक छ। बालविवाह जस्ता सामाजिक अभ्यास अन्त्य गर्न घरपरिवारको भूमिका अझै बलियो बनाउनुपर्छ । - सुनिता खड्का, महिला तथा बालबालिका शाखा प्रमुख, सिस्ने गाउँपालिका

- क्रियाकलापमा आधारित शिक्षण-सिकाइ विधि अपनाएपछि विद्यार्थीहरूको कक्षामा सहभागिता उल्लेखनीय रूपमा बढेको छ। पहिले बोल्न हिच्किचाउने विद्यार्थीहरू पनि समूहगत काम, खेल, चित्र र छलफलमार्फत आफ्ना विचार खुलस्त रूपमा व्यक्त गर्न थालेका छन्। यसले सिकाइलाई केवल किताबमा सीमित नराखी व्यवहारिक र जीवनोपयोगी बनाएको छ । तर शिक्षकहरूलाई निरन्तर तालिम र आवश्यक सामग्री उपलब्ध गराउन सके यस विधि अझ प्रभावकारी हुने देखिन्छ। -चेत कुमार सेन , आधारभूत तह शिक्षक
- आमा समूहहरूमा सीप विकास तालिम दिएपछि आत्मविश्वास बढेको देखिन्छ तर तालिमपछि निरन्तर फलोअप र बजारसँग जोड्ने काम कमजोर देखियो । अब उत्पादनसँगै बजारीकरणको योजना अनिवार्य हुनुपर्छ। कमला विक, आमा समूह सञ्जाल प्रतिनिधि
- परियोजनामा समावेशीकरणको प्रयास राम्रो छ तर अपांगता भएका व्यक्ति र अति विपन्न परिवारको पहुँच अझै बढाउन लक्षित रणनीति आवश्यक देखिन्छ। छनोट प्रक्रिया अझ पारदर्शी र सहभागितामूलक बनाउनुपर्छ। निदान बुढा मगर , जन जागरण मंच
- कृषि तथा आयआर्जन कार्यक्रमहरूमा प्रारम्भिक सामग्री वितरणले उत्साह बढाए पनि दीर्घकालीन व्यवहार परिवर्तनका लागि ज्ञान, सीप र परामर्शलाई निरन्तरता दिनु आवश्यक छ। ओमप्रकास ओली, पशु शाखा प्रमुख

<u>सहभागीहरुबाट आएका सुझावहरु</u>

- सहभागीहरूको सुझाव समेटेर सरकारी निकायसँग सहकार्य गर्दा दीगो परिणाम सुनिश्चित गर्न सहयोग पुग्छ ।
- संस्थाले दीर्घकालीन नीति बनाएर कार्यक्रमको स्थायित्व सुनिश्चित गर्नु आवश्यक छ ।
- लाभान्वित वर्गको सहभागिता कम भएकोले, आगामी कार्यक्रममा संलग्नता विस्तार गर्न ठोस योजना बनाउनुपर्छ ।

<u>सहजर्कताबाट संस्थालाई सुझाबहरु</u>

- परियोजनाका गतिविधिहरू लागू गर्दा सहभागीहरूको प्राथमिक आवश्यकता र सुझावलाई ध्यानमा राखेर लचिलो कार्य योजना बनाउनु आवश्यक छ ।
- संस्थाले स्थानीय सरकार, समुदाय र दातृ निकायसँग सहकार्य गरी कार्यक्रमको प्रभावकारिता र पहुँच दुवै बढाउन पहल गर्नुपर्छ ।
- परियोजनाबाट सिर्जना भएका समूह, बाल क्लब वा सहकारीलाई दीगो बनाउन दीर्घकालीन रणनीति र प्रशिक्षण कार्यक्रम तयार गर्नु आवश्यक छ ।
- सामाजिक परिक्षण र अनुगमनबाट प्राप्त प्रतिक्रिया अनुसार कार्यक्रमका विधि, सामग्री र समयतालिका सुधार गर्नुपर्छ ।
- सरकारी निकाय र साझेदार संस्थाहरूसँग नियमित बैठक र समन्वय गर्दै आर्थिक र प्राविधिक सहयोग सुनिश्चित गर्न आवश्यक छ ।
- लाभान्वित वर्गमा सहभागीता बढाउन, उनीहरूको सशक्तिकरण, सूचना र पहुँचमा ध्यान दिने कार्यक्रमहरू आयोजना गर्नुपर्छ ।

(ख) २० औं साधारण सभा सम्पन्न

मिति २०८१ साल कार्तिक ०८ गते यस संस्थाको २०औं साधारण सभा अध्यक्ष श्री ललिता बुढाको अध्यक्षता र संस्थापक अध्यक्ष तथा वर्तमान सल्लाहकार श्री भिउमान घर्तिको प्रमुख आथित्यतामा सम्पन्न भयो। जसमा संस्थाका सचिव श्री जयमान बुढाले कार्यक्रम सञ्चालन गर्नु भएको थियो भने कार्यकारी निर्देशक श्री अविनाश वुढा मगरले कार्यक्रम सहजिकरणको भूमिका निर्वाह गर्नुभएको थियो ।

सिस्ने गाउँपालिका वडा न. ६ रुकुम पूर्वमा सम्पन्न भएको यस साधारण सभाको बन्द सत्रले सिद्धान्तः तपशिलका प्रस्तावहरुमा वृहत छलफल गरी अनुमोदन साथै निर्णयहरु पारित गरिएको थियो ।

१) संस्थाको आ.व.२०८०/०८१ को बार्षिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
२) संस्थाको आ.व.२०८१/०८२ को प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।

३) आ.व.२०८१/०८२ को लेखा परिक्षक नियूक्त गर्ने सम्बन्धमा ।
४) संस्थाको बिधान संशोधन सम्बन्धमा ।
५) संस्था भ्याटमा रहने नरहने सम्बन्धमा ।
६) विविध सम्बन्धमा ।


वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन, प्रस्तावित कार्यक्रम तथा वजेट, लेखा परिक्षक नियूक्त गर्ने र अन्य केहि विविध सम्वन्धमा पनि छलफल गरि साँझ ४ वजे समापन भएको थियो ।


**प्रस्तावित कार्यक्रम तथा वजेट**

संस्थाको जम्मा प्रस्तावित वजेट रु.३,३८,४८७७६ मध्य संस्थागतमा रु.१०,३०,००० र परियोजनागत ६ वटा परियोजनाको जम्मा रु.३,२८,१६,९७६ प्रस्तुत भयो ।

### २.१.१० संस्थाको आन्तरिक बजेट तथा खर्च विवरण (२०८१/०८२)

| आम्दानीका श्रोतहरु – जम्मा रु.९,०९,९५२/- | खर्च विवरण - जम्मा रुं. ९,०९,०६७ |
|---|---|




### २.१.११ संस्थामा समावेशीकरणको अवस्था

| विवरण | जम्मा संख्या | महिला | पुरुष | दलित | आदिबासी जनजाति | मधेशी | अन्य |
|---|---|---|---|---|---|---|---|
| **कार्य समिति तह** | ७ | ४ | ३ | १ | ६ | ० | ० |
| **साधारण सदस्य तह** | ३६ | १९ | १७ | ५ | २४ | ० | ७ |
| **कर्मचारी तह** | ४३ | २६ | १७ | ६ | २७ | ० | १० |
| **स्वयंसेवक तह** | १४ | ७ | ७ | ० | ६ | ० | ८ |




# ३. संस्थाको विषयगत क्षेत्रमा भएको विस्तृत प्रगती विवरण

संस्थाले लक्षित कार्यक्षेत्रमा समतामूलक, सशक्त र आत्मनिर्भर समाजको स्थापना गर्ने परिकल्पना गरेको छ । संस्था आफ्नो परिकल्पना हासिल गर्न प्रतिबद्ध रही संस्थागत पञ्चवर्षिय रणनीतिक योजना २०६७ दोस्रो पुनरावलोकन २०७७ तयार गरी सोही अनुरुप संस्थाका सम्पूर्ण गतिविधिहरु सञ्चालन गर्दै आईरहेको छ । संस्थाले यस दोस्रो पञ्चवर्षिय रणनीतिक योजना २०७७ मा ५ वटा विषयगत कार्यक्षेत्र निर्धारण गरेको छ । यस आ.व.मा सम्पन्न गरिएका विषयगत क्षेत्र अनुरुप परियोजनाहरु र त्यसबाट हासिल भएका सकारात्मक परिवर्तनहरु यस बार्षिक प्रतिवेदनमा समेटिएको छ :



# ३.१. शिक्षा, स्वास्थ्य तथा सरसफाई (Education, Health and Sanitation)


३.१.१ प्रत्येक बालबालिका तथा किशोरीहरुको उत्तम जीवन प्राप्ती (सक्षम २) परियोजना

३.१.२. विद्यालय शिक्षा सुदृढिकरण परियोजना (सीप)

३.१.३. सम्बोधन परियोजना


## ३.१.१ प्रत्येक बालबालिका तथा किशोरीहरुको उत्तम जीवन प्राप्ती (सक्षम २) परियोजना

## Achieving Better Life for Every Child and Adolescent (ABLE II) Project

बाल अधिकार, संरक्षण, विकास, र सहभागिता प्रत्येक बालबालिका र किशोर-किशोरीको जन्मसिद्ध अधिकार हो, जुन बालअधिकार महासन्धिबाट सुनिश्चित गरिएको छ। यसको पालना अभिभावक र राज्य दुबैको दायित्व हो। तर, रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकामा बालविवाह, तानी विवाह, र छोट्टि बस्ने जस्ता परम्परागत हानिकारक अभ्यासहरू व्यापक थियो , जसले बालबालिकाको शिक्षा, स्वास्थ्य र समग्र विकासमा गम्भीर असर पारिरहेको थियो ।

यस्तो प्रकार परम्परागत जरालाई सम्बोधन गर्न सन् २०१९ डिसेम्बरदेखि २०२२ नोभेम्बरसम्म पुथा उत्तरगंगाका गाउँपालिका वडा नं. ७, ८, १० देखि १४ मा बालबालिका तथा किशोरीहरूको संरक्षणका लागि पहिलो चरणको परियोजना सफलतापूर्वक सञ्चालन भयो। यसको सकारात्मक प्रभावका आधारमा सरोकारवालाहरूको सल्लाहमा दोस्रो चरणको परियोजना सुरु गरिएको हो ।

दोस्रो चरणको परियोजना सन् २०२३ जनवरी देखि सुरु हुने भए पनि अप्रिलबाट मात्र कार्यान्वयनमा आयो, जसमा वडा नं. ५ र ६ थप गरी युनाइटेड मिशन टु नेपाल (यू.एम.एन.) को सहयोगमा परियोजना सञ्चालनमा गरिएको छ। यस प्रतिवेदनमा सन् २०२४ अगष्ट देखि २०२५ जुलाई सम्म सञ्चालन भएका क्रियाकलापहरू र उपलब्धिहरू समेटिएका छन् ।

**क) परियोजनाको लक्ष्य :**

- बालबालिका र किशोर-किशोरीहरूले समुदायमा सुरक्षित, समृद्ध, र समान अवसरपूर्ण जीवन बिताउन सक्षम हुनेछन् ।

**ख) परियोजनाको उद्देश्यहरू :**

- **परम्परागत हानिकारक अभ्यासहरूको न्यूनीकरण** : बालबालिका तथा किशोर किशोरीको जीवन प्रत्यक्ष अप्रत्यक्ष असर पार्ने बाल विवाह, छोट्टी बस्ने, इत्यादी सबै परम्परागत हानिकारक अभ्यासहरूको न्यूनीकरण गर्ने ।
- **समावेशी तथा गुणस्तरीय शिक्षा** : सबै बालबालिका तथा किशोर किशोरीहरूको लागी समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यार्थी भर्ना दर शतप्रतिशत पुऱ्याउने तथा विद्यालय छोड्ने दर कम गर्ने ।
- **प्रजनन् स्वास्थ्य सम्बन्धी ज्ञान र सीपको विकास** : बालबालिका तथा किशोर-किशोरीहरूमा प्रजनन् स्वास्थ्य सम्बन्धी सुरक्षित व्यवहार सुनिश्चित गर्न आवश्यक क्षमता अभिवृद्धि गर्ने ।
- **वैकल्पिक जीविकोपार्जन:** संकटासन्न परिवारहरूको जिविकोपार्जन सुधार्न बैकल्पिक आयआर्जनका अवसरहरू प्रदान गर्नु ।

**ग) यस अवधिमा लक्षित समुदायमा सम्पन्न्न भएका क्रियाकलापहरू :**

| क्र.सं. | क्रियाकलापहरु | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | ९ वटा किशोरी समूह र ९ वटा केटाहरूको समूहले आफ्नो कार्ययोजनाअनुसार परियोजना कार्यहरू आयोजना गर्न/कार्यान्वयन गर्नका लागि बाल र युवा क्लबहरूलाई आर्थिक सहयोग | १८ | १८ |
| २ | प्रत्येक कार्यरत वडामा (९ किशोरी समूह) किशोरी समूहलाई पुनः गठन गर्न वडाहरू र विद्यालयहरूलाई सहयोग | ९ | ९ |
| ३ | हरित जीविकोपार्जनका विकल्पहरू र उद्यमशीलता अवसरहरूबारे आत्मनिर्भरता वृद्धि गर्नका लागि तालिम प्रदान। | १ | १ |

| | | | |
|---|---|---|---|
| ४ | बालविवाह, छोटि बस्ने, र मदिरा सेवनका नकारात्मक परिणामहरू विरुद्ध मिडियाको सहकार्य र परिचालन "मिडिया र बालिका" | १ | १ |
| ५ | बालिका साधारण सभा र संगठन सुदृढीकरण | १ | १ |
| ६ | बालबालिका र युवाहरूको सहभागिताका लागि एस.एम.सी, वडाहरू, बाल संरक्षण समितिहरूसँग समन्वय बैठक | ९ | ९ |
| ७ | स्थानीय सरकार र विद्यालयहरूमा बाल दिवस मनाउनका लागि सहयोग (९ वडामा) | ९ | ९ |
| ८ | आमा समूहहरूमा नियमित सत्र सञ्चालन गर्न सहयोग | ६० | ६० |
| ९ | बालविवाह र छोटि बस्नेका नकारात्मक परिणामहरूबारे छलफल गर्न बालबालिका र मेला आयोजक समितिहरूसँग १-दिने छलफल कार्यक्रमको आयोजना "आयोजक समितिसँग प्रत्यक्ष संवाद कार्यक्रम" | २ | २ |
| १० | बाल अधिकार समितिसँग सञ्चालन नियमित द्वैमासिक बैठकहरू र अन्तरक्रिया कार्यक्रम वडामा | २७ | २७ |
| ११ | प्रत्येक कार्यरत वडामा (९ किशोरी समूह) बालिका समूहलाई पुनः गठन गर्न वडाहरू र विद्यालयहरूलाई सहयोग | ९ | ९ |
| १२ | पुथा उत्तरगङ्गा गाउँपालिका बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०७७ को पुनः अनुमोदन | १ | १ |
| १३ | क्रियाकलाप कार्यान्वयन योजना तयारी | १ | १ |
| १४ | गाँउपालिका वार्षिक योजना तर्जुमा अघि पालिका स्तरीय बाल भेलाको आयोजना गर्ने | १ | १ |
| १५ | बाल क्लब व्यवस्थापनको दिगोपनका लागि बाल क्लबहरूको क्षमता अभिवृद्धि गर्ने कार्यशाला आयोजना जसले विशेषगरी किशोर किशोरी समूहहरूको दीर्घकालीन स्थिरता सुनिश्चित गर्न मद्दत गर्नेछ। | १ | १ |
| १६ | गाउँपालिकासँग परियोजना अभिमुखिकरण | १ | १ |

## घ) परियोजनाबाट आएका मुख्य परिवर्तनहरु/उपलब्धीहरु

**१) <u>मिडियामार्फत परियोजनाको लक्ष्य अनुरुप बालबालिकाको स्पष्ट सोच र प्रभावकारी प्रस्तुतिः परियोजनाको प्रमुख उपलब्धिः</u>**

सूचना प्रविधि र सामाजिक सञ्जालको तीव्र विकाससँगै सञ्चार माध्यम सामाजिक रूपान्तरणको सशक्त उपकरण बन्दै गएको वर्तमान सन्दर्भमा, पुथाउत्तरगङ्गा गाउँपालिकामा गहिरो गरी जरा गाडेर बसेका परम्परागत हानिकारक अभ्यासहरू जस्तै बालविवाह, छोट्टी बस्ने र लैङ्गिक विभेद लाई न्यूनीकरण गर्ने उद्देश्यका साथ परियोजनाबाट एक सशक्त पहल गरिएको थियो। यो पहल अन्तर्गत स्थानीय किशोर-किशोरीहरूलाई सशक्त बनाउँदै, उनीहरूको आवाज मिडियामार्फत समुदायसम्म पु-याउने र सामाजिक चेतना अभिवृद्धि गर्ने लक्ष्य राखिएको थियो। पूर्वी रेडियोसँगको सहकार्यमा "बालबालिकासँग मिडिया" शीर्षकमा तीनवटा रेडियो एपिसोड निर्माण र प्रसारण गरिएको थियो। यस कार्यक्रम अन्तर्गत किशोर किशोरीहरूले गाउँपालिका भित्रका बालबालिकाहरूको अवस्था, समस्या र अधिकारका मुद्दामा सशक्त धारणा, अनुभव र सन्देशहरू प्रस्तुत गरे। साथै, "परिवर्तन समाज (उल्टो विभेद)" नामक रेडियो नाटक समेत प्रसारण गरिएको थियो, जसले लैङ्गिक विभेद, परम्परागत हानिकारक अभ्यास र सामाजिक दृष्टिकोण परिवर्तनका लागि सजगता र संवाद सिर्जना गर्यो।



रेडियो र सामाजिक सञ्जालद्वारा करीब ३,७०,००० श्रोतादर्शक समक्ष कार्यक्रमको सन्देश पु-याउन सफल भएको थियो, जुन आफैंमा एक महत्वपूर्ण उपलब्धि हो । किशोर-किशोरीहरूले आत्मविश्वासका साथ रेडियोमा धारणा राख्ने, प्रस्तुत गर्ने र संवादमा सहभागी हुने क्षमता देखाएका थिए, जसले परियोजनाको लक्ष्य अनुसार उनीहरूको सशक्तिकरण र सीप अभिवृद्धि भएको स्पष्ट संकेत गर्छ । विशेषत:, बालबालिकाहरूले आफ्नो धारणा स्पष्ट, आत्मविश्वासी र प्रभावशाली ढंगमा प्रस्तुत गर्न सफल भएका थिए, जुन कार्यक्रमको मुख्य उपलब्धिको रूपमा विश्लेषण गरिएको छ । प्रसारणपछि विभिन्न समुदाय, विशेषत: बालबालिकाबाट कार्यक्रमको निरन्तरताको माग आउनु, नियमित रूपमा सल्लाह र सुझाव प्राप्त हुनुले कार्यक्रम प्रभावकारी र सान्दर्भिक भएको पुष्टि गर्दछ । समुदायमा उत्पन्न चेतनाको लहर र किशोर-किशोरीहरूमा देखिएको नेतृत्व क्षमताले कार्यक्रमको दीगो प्रभाव दर्शाएको छ ।



“बालबालिकासँग मिडिया“ कार्यक्रमले समुदायमा गहिरो सामाजिक सन्देश दिनुका साथै किशोर-किशोरीहरूको आत्मविश्वास, संचार क्षमता र नेतृत्व सीपको विकासमा महत्वपूर्ण भूमिका खेलेको छ । यस कार्यक्रमले तत्कालीन प्रभाव मात्र होइन, भविष्यका लागि एक दिगो सामाजिक रूपान्तरणको आधार तयार गरेको छ । परियोजनाको लक्ष्य अनुरुप बालबालिकाहरूको प्रस्तुति र सोचको स्पष्टता नै यस कार्यक्रमको प्रमुख उपलब्धि हो, जुन अन्य क्षेत्र वा गाउँपालिकामा पनि अनुकरणीय बन्न सक्छ ।

## २) **परियोजनाबाट सशक्त किशोरीहरू: व्यक्तिगत सशक्तिकरण देखि नीतिगत तहसम्म आवाज**

पुथा उत्तरगङ्गा गाउँपालिका, लुम्बिनी प्रदेशको एक मात्र हिमाली क्षेत्र रुकुम पूर्व, सामाजिक र भौगोलिक रूपमा पछाडि परेको गाउँ हो जहाँ समुदायको आवाज नीतिगत तहसम्म पुग्न कठिन छ । यहाँ बालविवाह, छोट्टि बस्ने, छुवाछुत, गरिबी, लागू औषध, शिक्षा तथा स्वास्थ्यको अभाव जस्ता समस्याहरू अझै गहिरो छन् ।



यिनै समस्याहरूको समाधानका लागि ‘सक्षम परियोजना’ अन्तर्गत किशोरीहरूलाई सशक्त बनाउने उद्देश्यले विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरियो । परियोजनाबाट सशक्त बनेका किशोरी अधिकार मञ्चका सदस्यहरूले सामाजिक उत्तरदायित्व बोक्दै पहिलोपटक प्रदेश सरकारका मुख्य मन्त्रीलाई १७ बुँदे अपीलपत्र बुझाउने ऐतिहासिक कार्य गरे । अपीलमा बालविवाह, छोठी बस्ने, गरिबी, स्वास्थ्य सेवा, खेलकुद, आत्मरक्षा तालिम, छात्रवृत्तिलगायतका विषयमा सरकारको ध्यानाकर्षण गरियो । यसअघि उनीहरूले समुदायमा बालविवाहविरुद्ध र छोठी बस्ने प्रथाविरुद्ध अभियान, र्‍याली, सडक नाटक, अन्तरपुस्ता संवादलगायत कार्यक्रममार्फत जनचेतना फैलाइसकेका थिए । मुख्यमन्त्रीले अपीललाई सकारात्मक रूपमा ग्रहण गर्दै आगामी योजना निर्माणमा ती मुद्दाहरू समेट्ने प्रतिबद्धता जनाए ।

यस परियोजनाले किशोरीहरूमा आत्मविश्वास र नेतृत्व क्षमता विकास गर्दै, उनीहरूको आवाजलाई नीतिगत तहसम्म पुर्‍याउन सफल भएको छ । यो सफलता दिगो सामाजिक रूपान्तरणको आधार बनिरहेको छ, जसले भविष्यमा किशोरीहरूको उज्यालो भविष्य सुनिश्चित गर्ने अपेक्षा गरिएको छ ।

## ३) बाल अधिकारका लागि परियोजनाको पहलमा पुथाउत्तरगङ्गामा जिल्लाकै पहिलो पालिकास्तरीय बाल भेला

रुकुम पूर्वको पुथाउत्तरगङ्गा गाउँपालिकामा बालबालिकाको आवाज नीति तथा बजेट निर्माण प्रक्रियामा समावेश गरिनु कुरामा तुलानात्मक रुपमा कमि देखिएकोले बालबालिका सम्बन्धी कार्यक्रमलाई खर्च नभई दीर्घकालीन लगानीको रूपमा बुझाउन र बाल अधिकार प्रवर्द्धन तथा बालविवाह न्यूनीकरणका पहलहरूलाई संस्थागत गर्न परियोजनाको पहलमा गाउँपालिकासँगको सहकार्यमा पहिलो पटक पालिका स्तरीय बाल भेला आयोजना गरियो । २०७८ वैशाख १४-१६ गतेसम्म सम्पन्न उक्त भेलामा १४ वटै वडाबाट ४२ जना बालबालिकाको प्रतिनिधिमूलक सहभागिता सुनिश्चित गरियो । भेलामा बालबालिकाले शिक्षा, स्वास्थ्य, पोषण, बालमैत्री पूर्वाधार, आत्मरक्षा, खेलकुद तथा बाल हिंसा न्यूनीकरणजस्ता मुद्दाहरू पहिचान गरी समाधानका कार्यक्रमहरू सूचीबद्ध गरि भोटिङ प्रणालीद्वारा प्राथमिकता तय गरिएको थियो । ती कार्यक्रमलाई आधार मानेर उनीहरूले २७ बुँदे मागपत्र गाउँपालिकामा प्रस्तुत गरे, जसमा प्रत्यक्ष बजेट विनियोजनको माग गरिएको थियो । यस पहलले बालबालिकालाई केवल सहभागी गराएन, उनीहरूलाई नीति संवाद र बजेट वकालतको सशक्त पक्षधरतामा उभ्यायो । जनप्रतिनिधिहरूले बाल मुद्दाहरूलाई आगामी नीति तथा बजेटमा समावेश गर्ने प्रतिबद्धता जनाए, जसले पालिकास्तरमा बालमैत्री शासन अभ्यासको थालनी गऱ्यो । परिणामस्वरूप, बालबालिकाको नीति प्रक्रियामा पहुँच सुनिश्चित हुनुका साथै उनीहरूको नेतृत्व र वकालत क्षमता वृद्धि भएको छ। यो अभ्यासले पालिकालाई बाल अधिकारमैत्री र उत्तरदायी स्थानीय सरकारतर्फ उन्मुख गराउने दिगो आधार तयार गरेको छ। जुन परियोजना प्राप्त गरेको एक महत्वपूर्ण उपलब्धि रुपमा विश्लेषण गरेका छौ ।






## ४) समूह दिगोपनाको लागि पालिका स्तरीय संरचनाः किशोरी अधिकार मञ्च र बाल क्लब सञ्जालको सुचिकृत

बिगत चार वर्षदेखि, पुथा उत्तरगङ्गा गाउँपालिकाका नौ वटै वडामा रहेको किशोर-किशोरी समूह, बाल क्लब, आमा समूह र बाल अधिकार समितिहरूको सशक्तीकरणका लागि परियोजनाले महत्त्वपूर्ण काम गरेको छ। यस क्रममा, परियोजनाले उनीहरूलाई नेपालको संविधान र अन्तर्राष्ट्रिय बाल महा सन्धिहरूमा उल्लेखित बाल अधिकार, उनीहरूको कर्तव्य, साथै स्थानीय नीति र कानुनहरूबारे विस्तृत जानकारी दिएको छ। यसले यी समूहहरूलाई समुदायमै आधारित सशक्त, जिम्मेवार


पुथा उत्तरगङ्गा गाउँपालिका,





र सक्रिय संस्थाका रूपमा विकास गर्न मद्दत गर्यो । परियोजनाले दिएको आर्थिक र प्राविधिक सहयोगमा, यी समूहहरूले

बालविवाह र अन्य हानिकारक परम्परागत चलनहरूविरुद्ध निरन्तर जनचेतनामूलक कार्यक्रमहरू गर्दै आईरहेका छन्, जसले गर्दा समुदायमा ठूलो सामाजिक परिवर्तन आएको छ ।

परियोजना २०८२ मा सकिन लागेकोले, यसको उपलब्धिहरूलाई दिगो बनाउन स्थानीय सरकारसँग सहकार्य गर्न 'पालिका किशोरी अधिकार मञ्च' र 'बाल क्लब सञ्जाल' गठन गरिएको छ। गाउँपालिकाका १४ वटै वडाबाट प्रतिनिधित्व गर्ने ४२ जना किशोरी र ४२ जना बाल क्लबका प्रतिनिधिहरू सम्मिलित यी संरचनाहरूलाई गाउँपालिकाले औपचारिक रूपमा सूचीकृत पनि गरेको छ। नवगठित मञ्च र सञ्जालले आगामी तीन वर्षका लागि स्थानीय सरकारसँग साझेदारी गर्ने, समुदायमा निरन्तर जनचेतना बढाउने र नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने उद्देश्यसहितको रणनीतिक योजना बनाएका छन्। यसबाट परियोजनाले सुरु गरेको कामको निरन्तरता र दिगो प्रभावकारिता सुनिश्चित भएको छ, जसले परियोजनाको समग्र सफलतालाई थप संस्थागत र प्रभावकारी बनाएको छ ।

## ङ) परियोजना कार्यान्वयनको क्रममा भएका सिकाईहरू

- परियोजनाको अन्तिम चरणमा पालिकास्तरीय किशोरी अधिकार मञ्च र बाल क्लब सञ्जाल गठन गरी आगामी तीन वर्षको रणनीतिक योजना तय गरियो। यसले समुदायमा परियोजनाको काम निरन्तर अगाडि बढ्ने विश्वास दिलायो। योजना बनाउनेदेखि कार्यान्वयनसम्म समुदायलाई सहभागी गराई निरन्तर संवाद गरिएकोले उनीहरूमा कार्यक्रमप्रति विश्वास र स्वामित्वको भावना बलियो भयो। यसबाट सिकिएको कुरा के हो भने– सुरुदेखि नै समुदायलाई सहभागी गराई, स्पष्ट योजना सहित उनीहरूको नेतृत्वमा काम गर्दा दीगो स्वामित्व र प्रतिबद्धता विकास गर्न सकिन्छ ।
- भविष्यमा परियोजना योजना बनाउँदा स्रोत-साधनको यथार्थ मूल्याङ्कन गर्दै सबै वडामा समेट्ने रणनीति तय गर्नुपर्छ। यदि सम्भव नभएमा पारदर्शी ढंगले वडाको छनोट प्रक्रिया र कार्यान्वयनको उद्देश्य समुदायसँग स्पष्ट रूपमा साझा गर्न आवश्यक हुन्छ, जसले अपेक्षा व्यवस्थापनमा मद्दत पुऱ्याउँछ र असन्तुष्टि न्यून गर्न सक्छ ।

## च) यस अवधीमा आएका चुनौतीहरू

- परियोजना समाप्त भएपछि कार्यक्रमहरू कसरी अगाडि बढ्नेछन् भन्ने विषयमा सुरुवातमा स्पष्ट योजना नहुनु समुदायका लागि अन्योलपूर्ण बन्यो। यसले गर्दा केही सहभागी समूहहरू र समुदायका सदस्यहरूमा कार्यक्रमप्रति पूर्ण विश्वास र प्रतिबद्धता देखिएन। उनीहरूलाई लाग्यो कि परियोजनाको अन्त्यसँगै कार्यक्रम पनि सकिन्छ भन्ने भय थियो, जसले उनीहरूको संलग्नता र सक्रियता कमजोर बनाएको विश्लेषण गरिएको थियो ।
- गाउँपालिकाका १४ वटा वडामध्ये सीमित बजेट र स्रोत साधनका कारण केवल ९ वटा वडामै परियोजना कार्यान्वयन गर्न सकियो । यसले परियोजनाको समावेशी उद्देश्यमा प्रभाव पाऱ्यो र बाँकी वडाका समुदायमा असन्तुष्टि तथा अपेक्षा नपुगेको भावना देखापऱ्यो ।
- छोट्टी बस्ने र बाल विवाहजस्ता हानिकारक प्रथाहरू अन्त्य गर्न स्थायी समाधानका लागि नीति निर्माणदेखि कार्यान्वयनसम्म स्थानीय सरकार र प्रहरी निकायको सक्रिय भूमिका आवश्यक हुन्छ। तर, व्यवहारमा यी सरोकारवाला निकायहरूको चासो र संलग्नता न्यून देखिनु चुनौतीको रूपमा उभिएको छ ।

## छ) सफलताको कथा

### बालविवाहको छायाँमा हुर्केकी प्रतिमाः बालविवाह विरुद्धको मशाल बोकेर परिवर्तनको क्रान्तिमा



पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ५ की १७ वर्षीया प्रतिमा पुनको बाल्यकाल सहज थिएन। उनका आमा-बुबाको विवाह बाल्यकालमै भएको थियो अर्थात बाल विवाह भएको थियो, जसको असरले उनीहरूको वैवाहिक सम्बन्ध दीर्घकालीन बन्न सकेन। प्रतिमाको जन्मको एक महिनामै उनीहरूको सम्बन्ध विच्छेद भयो। त्यसपछी वुवाले अर्कै विवाह गरे र केही वर्षमा आमाले पनि अर्को विवाह गर्नुपर्ने बाध्यता भोगिन्। यी सबै परिस्थितिले गर्दा सानो उमेरमै प्रतिमा आफ्नी काकीको संरक्षणमा बस्नु पर्ने भयो ।

कमजोर आर्थिक अवस्था, अभावपूर्ण परिवेश र पारिवारिक जिम्मेवारीका बीच पनि काकीले प्रतिमाको शिक्षामा निरन्तरता दिन सक्दो प्रयास गरिन् । यस्तै संघर्षपूर्ण वातावरणमा हुर्केकी प्रतिमा लामो समयसम्म आत्मविश्वासहीन, डरपोक र सामाजिक रूपमा पछि परेको महसुस गर्थिन्। समाजमा आफ्ना कुरा राख्न नसक्ने, आफ्नो मूल्य बुझ्न नसक्ने अवस्थाबाट गुज्रिइरहेकी थिइन् । तर जब गाउँमा मिक नेपाल र यु.एम.एनको सहकार्यमा सञ्चालित सक्षम परियोजना अन्तर्गत किशोरी समूह गठन गरियो, त्यहींबाट प्रतिमाको जीवन परिवर्तनको यात्रा सुरु भयो ।

समूहको सदस्य भएपछि प्रतिमा विभिन्न मासिक सत्र, बैठक र पालिका स्तरीय तालिमहरूमा सहभागी भइन् जसले उनलाई आत्मविश्वास, सार्वजनिक बोल्ने सीप, र किशोरीहरु अधिकारबारे क्षमता अभिवृद्धि गर्यो । परियोजनाबाट प्राप्त शिक्षाले प्रतिमालाई बाल अधिकारको विषयमा गहिरो जानकारी दिलायो । उनले बुझ्न थालिन् कि प्रत्येक बालबालिकालाई शिक्षा, संरक्षण, सहभागिता र विकासको अधिकार सुनिश्चित गरिएको छ, जसको संरक्षण राज्य, अभिभावक र समुदायले गर्नुपर्छ । बालविवाह र यसको नकारात्मक असरहरुबारे तालिम पाएपछि उनले महसुस गरिन् कि समयभन्दा अगाडि विवाह गर्नुको असर केवल शारीरिक मात्र होइन, मानसिक, सामाजिक र आर्थिक रूपमा पनि बालिकालाई पछाडि पार्दछ । विद्यालय जान नपाउने, स्वास्थ्य समस्यामा पर्ने, निर्णय लिन नपाउने जस्ता कुराले किशोरीको भविष्य अध्यारो बनाउने रहेछ भन्ने कुरामा उनले गहिरो चेतना प्राप्त गरिन् ।

अब प्रतिमा केवल अधिकारको कुरा गर्ने किशोरी मात्र होइनन्, तर उनी आफ्नो समुदायमा परिवर्तन ल्याउने अभियन्ता बनेकी छिन् । उनले बालविवाह विरुद्ध गाउँमा जनचेतना फैलाउन, स्थानीय प्रहरी र वडा कार्यालयसँग सहकार्य गर्दै कार्यक्रमहरू समुहसँग मिले सञ्चालन गरिरहेको छन । उनले अन्य किशोरीहरूलाई पनि बोल्न, सिक्न र अधिकारका पक्षमा उभिन प्रेरित गर्ने पनि गरिरहका छन् । बालअधिकार संरक्षणमा सबैको भूमिका महत्त्वपूर्ण हुने भन्दै उनले समुदायमा दायित्व र जिम्मेवारीबारे पनि अभिव्यक्ति दिइरहेकी छिन् । उनले बारम्बार भनिरहेकी छिन् कि "बालबालिकाले अधिकारको उपयोग गर्न सिक्नु मात्र होइन, आफ्ना कर्तव्य पनि बुझेका हुनुपर्छ।" उनिकै नेतृत्वमा लुम्बिनी प्रदेशको मुख्यमन्त्रिलाई आफ्नो पालिका भएका विभिन्न समस्यालाई सुची बनाएर २७ बुदे ज्ञापनपत्र पनि बुझाएको छन ।

प्रतिमा हाल गाउँपालिकास्तरीय किशोरी अधिकार मञ्च (Girls Rights Forum) की अध्यक्ष चयन भएकी छिन्। अब उनी किशोरीहरूको आवाज र बिशेष गरि बाल बिवाह बिरुद्धको बिषयमा गाउँपालिकाको नीति तथा योजना निर्माण तहसम्म पुऱ्याउने काममा अग्रसर छिन् । सक्षम परियोजनाले प्रतिमा जस्ता किशोरीहरूलाई सशक्त बनाएर उनीहरूलाई समाज परिवर्तनको चालक बनाइदिएको छ। प्रतिमाको यात्रा हामी सबैका लागि प्रेरणाको स्रोत हो - जहाँ एउटा सामान्य किशोरीले आत्मबल, चेतना र जिम्मेवारीका साथ सम्पूर्ण समुदायमा प्रभाव पार्न सक्छ भन्ने देखिन्छ ।

**हिकमत घर्ति**
**समाजिक परिचालक**
**पुथाउत्तरगंगा गाउँपालिका वडा न. ०५, हुकाम**

## ज) आर्थिक प्रगती विवरण

| क.सं | कियाकलाप | विनियोजित बजेट | खर्च बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम बजेट | रु.३२,४५,४३९ | रु. ३२,९४,५०८ | |
| २ | प्रशासनिक बजेट | रु.२४,८७,०४१ | रु. २४,८०,४०१ | |
| | **जम्मा बजेट** | **रु. ५७,३२४८०** | **रु ५७७१४९०९** | |

## झ) लाभान्वित वर्गहरुको विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | अपाङ्गता भएको |
|---|---|---|---|---|---|---|
| १९१९ | ८१३ | २७३२ | ७७० | १४९८ | ४६० | ४ |

# ३.१.२. विद्यालय शिक्षा सुदृढिकरण परियोजना (सीप)
# School Education Enhancement Project (SEEP)

## १) परिचय

यूनाइटेड मिसन टु नेपाल/युके आईएनएफको आर्थिक तथा प्राविधिक सहयोग र नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र (मिक नेपाल) द्वारा रुकुम पूर्व जिल्लाका अपाङ्गता भएका बालबालिका लगायतका गरिब तथा जातीय अल्पसंख्यक बालबालिका, दलित, बालिका लगायत सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच तथा योगदान पुऱ्याउने लक्ष्यका साथ पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १ देखि ६, ९, ११ र १३ गरी जम्मा ९ वटा वडाका २० वटा विद्यालयहरुमा वि.सं.२०८० श्रावण महिनादेखि कार्यान्वयन भईरहेको छ ।

## २) परियोजनाको लक्ष्य/प्रभाव

रुकुम पूर्व जिल्लाका अपाङ्गता भएका बालबालिका लगायत गरिब तथा जातीय अल्पसंख्यक बालबालिका, दलित  लगायत सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच तथा योगदान पुऱ्याउने ।

## ३) परियोजनाको प्रतिफलहरू/उद्देश्यहरू

- लक्षित विद्यालयहरूमा प्राथमिक तहका बालबालिका (कक्षा ३ सम्म) को सिकाई उपलब्धिमा वृद्धि गर्ने ।
- युवा र बालबालिकाको बाल अधिकारका लागि आवाज उठाउने क्षमता (जस्तै यौन दुर्व्यवहार, बालविवाह, बाल श्रम) अभिबृद्धि गर्ने ।
- बालबालिकाको सिकाई र सामाजिक रूपमा स्वस्थ अभ्यासहरू सम्बन्धि अभिभावकको योगदानमा सशक्तिकरण गर्ने ।
- गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न गाउँपालिकाको शिक्षा प्रणाली र अभ्यासहरूलाई सबलीकरण गर्ने ।

## ४) आ.व. २०८१/०८२ मा कार्यान्वयन भएका क्रियाकलापहरु

| क्र.सं. | क्रियाकलापहरु | लक्ष्य | सम्पन्न |
|---|---|---|---|
| १ | बालमैत्री कक्षाकोठा व्यवस्थापनको लागी समाग्री सहयोग । | ३७ वटा | ३९ वटा |
| २ | बिद्यालय कक्षा तथा बिषगगत शिक्षण सिकाई सामग्री सहयोग | २० वटा | २० वटा |
| ३ | बिद्यालयलाई पुस्तकालय स्थापनामा सहयोग | २० वटा | २० वटा |
| ४ | शिक्षकहरुलाई मुल्यमा आधारित ५ दिने रुपान्तरण तालिम | १ पटक | पटक |
| ५ | बिद्यालयका प्रधानाध्यापकहरुलाई बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुको लागि सामवेशी शिक्षण सिकाई विधि सम्बन्धी २ दिने तालिम | १ पटक | १ पटक |
| ६ | शिक्षकहरुका बीच सिकाई आदानप्रदानको लागि समुह बैठक | ४ वटा | ४ वटा |
| ७ | बिद्यालय व्यवस्थापन समिति, अविभावक, बिद्यार्थी र अन्य सरोकारवालहरुलाई बिद्यालय स्व:मूल्यांकन कार्यक्रम सहयोग | २० वटा | २० वटा |
| ८ | बिद्यालय सुधार योजनाको कार्यान्वयनको लागि बिद्यालयहरुलाई सहयोग | २० वटा | २० वटा |
| ९ | २० वटा बिद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्रधानाध्यापकहरुलाई बिद्यालय व्यवस्थापन तथा नेतृत्व विकास सम्बन्धी तालिम | १ पटक | १ पटक |
| १० | गाउँपालिका स्तरीय संयुक्त अनुगमन तथा सिकाई बैठक | १ पटक | १ पटक |
| ११ | बिद्यालय र स्थानीय तहसँग समन्वय गरी आवश्यकतामा परेका ५ बिद्यालयहरुलाई लैंङ्गिकमैत्री शौचालय निर्माणको लागि सहयोग | ५ वटा | ५ वटा |

| | | | |
|---|---|---|---|
| १२ | बिद्यालय र स्थानीय तहसँग समन्वय गरी आवश्यकतामा परेका ५ बिद्यालयहरुलाई लैङ्गिकमैत्री खानेपानीको मुहान र धाराहरुको मर्मत तथा सम्भार लागि सहयोग | ८ वटा | ८ वटा |
| १३ | बिद्यालय र स्थानीय तहसँग समन्वय गरी आवश्यकतामा परेका ५ बिद्यालयहरुलाई कक्षाकोठा व्यवस्थापनको लागि झ्याल,ढोका,छाना र रयाम मर्मत तथा सम्भारको लागि सहयोग | ५ वटा | ५ वटा |
| १४ | बि.व्य.स, शिक्षक, अभिभावक, विद्यार्थी र वडा जनप्रतिनिधिहरुलाई बिद्यालय विपद व्यवस्थापन सम्बन्धी ३ दिने तालिम | २० वटा | २० वटा |
| १५ | बिद्यालय, स्थानीय सरकार, स्वास्थ्य इकाई र रेडक्रससँग समन्वय गरी बिद्यालयहरुलाई प्राथमिक स्वास्थ्य उपचारको लागि किटबक्स सहयोग | २० वटा | २० वटा |
| १६ | बालक्लब र यूवाक्लबलाई बिद्यालय विपद जोखिम न्यूनीकरण सम्बन्धी अतिरिक्त क्रियाकलाप | १ पटक | १ पटक |
| १७ | बिद्यालयहरुमा बिद्यार्थी भर्ना अभियान आयोजना गर्ने | १ पटक | १ पटक |
| १८ | २० बिद्यालयहरुमा बिद्यालय छोड्ने, बालविवाह र बाल श्रम बारे पूर्व चेतावनी प्रक्रिया सम्बन्धी अभिमुखिकरण | १ पटक | १ पटक |
| १९ | २० बिद्यालयका अति आवश्यकतामा परेका बालबालकिाहरुलाई शैक्षिक सामग्री सहयोग | १ पटक | १ पटक |
| २० | अपाङ्गता भएका बालबालिकाहरुलाई बिद्यालयमा स्वागत गर्ने | १ पटक | १ पटक |
| २१ | गरिब, जेहेन्दार तथा जोखिममा रहेका बालबाललिकालाई छात्रवृत्ति सामग्री सहयोग | १ पटक | १ पटक |
| २२ | अविभावक,शिक्षक र सरोकारवाला बीच अपाङ्गता भएका बालबालिकाहरुको पहिचानमा चुनौती विषयक अन्तरक्रिया कार्यक्रम | १ पटक | १ पटक |
| २३ | यूवाक्लब पदाधिकारीहरुको क्षमता बिकासको लागि उनीहरुसँग नियमित बैंठक | १ पटक | १ पटक |
| २४ | बाल अधिकार समितिलाई परिचालनको लागि सहयोग | १ पटक | १ पटक |
| २५ | बाल अधिकार समितिलाई क्षमता विकास सम्बन्धी २ दिने तालिम | १ पटक | १ पटक |
| २६ | ५ वटा यूवाक्लबका पदाधिकारीहरुलाई बालविवाह, बाल श्रम र अन्य सामाजिक परम्परागत हानिकारक अभ्यासहरुको बारेमा परियोजना कार्यमा सहयोग | १ पटक | १ पटक |
| २७ | युवा क्लब र बाल क्लबका पदाधिकारीहरु बीच अर्धवार्षिक रुपमा प्रगति समिक्षा बैठक | २ पटक | २ पटक |
| २८ | बलविवाह र परम्परागत सामाजिक हानिकारक अभ्यासहरुका बिरुद्ध एफ.एम. तथा पत्रपत्रिका मार्फत अभियान | १ पटक | १ पटक |
| २९ | २० वटा बिद्यालयहरुका अविभावक र शिक्षकहरुलाई अविभावक शिक्षा सम्बन्धी अभिमुखिकरण कार्यक्रम | २० वटा | २० वटा |
| ३० | अविभावकहरु र शिक्षकहरु बीच बिद्यार्थीहरुको शिक्षण सिकाई सम्बन्धी समिक्षा बैंठक | २० वटा | २० वटा |
| ३१ | बलविवाह, बाल श्रम, र परम्परागत सामाजिक हानिकारक अभ्यासहरु सम्बन्धी आई.ई.सी सामग्री विकास गर्ने | १ पटक | १ पटक |
| ३२ | गाउँपालिका शिक्षा अधिकृत, वडा जनप्रतिनिधिहरु र प्र.अ हरुको सहभागितामा बिद्यालयको स्वःमूल्यांकन र गुणस्तरीय शिक्षा सम्बन्धी २ दिने तालिम | १ पटक | १ पटक |
| ३३ | गाउँपालिका सँग समिक्षा बैंठक | १ पटक | १ पटक |
| ३४ | गाउँपालिकासंग समन्वय गरी बालमैत्री तालिम प्राप्त शिक्षकहरुले संजाल स्थापना गर्ने | १ पटक | १ पटक |

## ४. परियोजनाबाट आएका मुख्य-मुख्य परिवर्तनहरु/उपलब्धीहरु

१. परियोजनाका लक्षित २० वटा विद्यालयहरु मध्ये २० वटामा विद्यालयहरुमा परियोजना लागू गर्न पूर्व बालबिकास देखि कक्षा ३ सम्मका कक्षाकोठाहरु अवलोकन गर्दा कक्षाकोठा व्यवस्थापनको पाटो निकै कमजोर अवस्थामा थियो । बालबालिका बस्नको लागि काठका बेञ्चहरुको व्यवस्थापन गरिएको, बालबालिकाहरुको उचाइ भन्दा बेञ्च डेस्कहरुको उचाइ अग्लो

भएको, त्यही पनि पर्याप्त मात्रामा उपलब्ध नभएको जसका कारण बालबालिकाहरुलाई खुला आकाश मूनीको खेलमैदानमा शिक्षण गर्नुपर्ने अवस्था थियो। कक्षाकोठाहरुमा धूलोको कारण बालबालिकाहरुका स्कुल ड्रेसहरु फोहोर हुने, बालबालिकाहरुलाई रुघाखोकी, लहरेखोकी जस्ता सरुवा रोगहरुले सताउने अवस्था थियो।

परियोजना लागू भइसकेपछी लक्षित २० वटा विद्यालयहरु मध्ये १८ वटा विद्यालयहरुमा बालविकास र कक्षा १ गरी ३९ वटा कक्षाकोठामा बालमैत्री कक्षाकोठा व्यवस्थापन सामग्रीहरु जुठ कार्पेट, भूइँटेबल, जुत्ता रयाग, पि फम, कुशनहरु, डोरम्याट, ऐना र ह्वाइटबोर्डहरु सहयोग गरी कक्षाकोठालाई बालमैत्री वातावरणको अबधारणाबाट व्यवस्थापन कार्य सम्पन्न गरिएको थियो।

यसबाट जम्मा बालबालिका ७५५ जना जसमध्ये ३८२ केटा र ३७३ केटी, जनजाति ३८५, दलित २७०, अन्य जाति १०० जना र कक्षा १ मा पढ्ने ५ जना अपाङ्गता (३ केटी, २ केटा) भएका बालबालिकाहरुलाई कक्षाकोठा व्यवस्थापन पछि शिक्षण सिकाई गर्न, स्कुल ड्रेस धूलोबाट फोहर हुनबाट बच्न, धुलोबाट हुने रुघाखोकी जस्ता रोगहरुबाट बच्न सहयोग भएको छ। बालबालिकाहरुलाई झोला, कापी किताबहरु घर्रामा राख्न सजिलो भएको छ। भुइँटेबलले गर्दा उनीहरुलाई पढ्न र लेख्न पनि सहज भएको र बालबालिका विद्यालयमा नियमित आउन पनि थालेका छन्।




**श्री आधारभूत बिद्यालय पुथाउत्तरगंगा २ हार्दिवाङ, कक्षाको मर्मत सम्भार अघि र पछिको अवस्था**

**२.** परियोजनाको लक्षित २० विद्यालयहरुमा बालविकास देखि कक्षा ३ सम्म अध्ययन अध्यापन गराउने शिक्षकहरुसँग बालमैत्री क्रियाकलापमा आधारित सिकाई तालिम र शैक्षिक सामग्री प्राप्त पछि शिक्षण सिकाई प्रक्रियामा पाएका ज्ञान सीपहरुको आदानप्रदान कार्यक्रम कलष्टर स्तरीय सञ्चालन गरिएको थियो। जसमा तालिम बाट पाएका ज्ञान र सीप तथा शैक्षिक सामग्रीले बिद्यायमा आएको परिवर्तन आफलेु जानेका सिकेका कुराहरु एक आपसमा आदानप्रदान गर्ने  मुख्य उदेश्य रहेको थियो।

परियोजानाको सहजिकरणमा सञ्चालित शिक्षण सिकाइ आदनप्रदान कार्यक्रममा २० वटा बिद्यालयका बालमैत्री क्रियाकलाप आधारित सिकाई तालिम प्राप्त शिक्षक र अन्य शिक्षकहरुको पनि सहभागीता रहेको थियो। जसमा (महिला १२ र पुरुष ८) जनाको सहभागीतामा एक दिने सिकाई आदानप्रदान कार्यक्रम सञ्चालन गरियो।

कार्यक्रम एक आपसमा शिक्षकहरु सँग आफु गरेका र सिकेका कुराहरु कार्यक्रम उपस्थिति शिक्षकहरु सँग  सिकाई बारे बताउदै श्री जनजाग्रती आधारभूत बिद्यालय मयाङका प्रधानाध्यापक श्री चेत कुमार सेन। शैक्षिक सामग्री प्रयोग गरी बालबालिकालाई पढाउन अति नै उपायोग रहेको छ, किन भने हिजो शिक्षक कक्षा कोठामा जाने बेलामा पाठ्यपुस्तक लगेर जानु पर्ने थियो भने आज भोली बिषय सँग मेल खाने शैक्षिक सामग्री बोकेर लैजाने बानी बसेको छ  भनि सिकाई आदानप्रदान सहभागी शिक्षकहरुले बताउनु भएको छ। यसरी नै कार्यक्रमको मुख्य उदेश्यलाई र बिद्यालयमा शिक्षण क्रियाकलापमा आधारि रहेका पढाइ स्तरमा परिवर्तन सँगै शिक्षामा गुस्तर कायम रहन्छ।

**३.** परियोजनाका लक्षित विद्यालयहरुमा परियोजना लागु भएका कक्षा बालविकास देखि कक्षा तीन सम्म शिक्षक, बालबालिका तथा अविभावहरुको सयूक्त बैठक तथा छलफल गर्ने बानी अलि कमि रहेको थियो। परियोजना लागु भए पछि अहिले बालमैत्री क्रियाकलापमा आधारित सिकाई सम्बन्धी शिक्षकहरु तालिम प्राप्त पछि बिद्यालयहरुमा शैक्षिक सुधारको लागि शिक्षक, बालबालिका र अभिभावहरु सयूक्त रुपमा बैठक बसी छलफल गर्ने बानीको विकास भएको  छ।

क्रियाकलापमा आधारित सिकाई सम्बन्धी ५ दिने तालिम प्राप्त २० जना शिक्षकहरु आफनो बिद्यालय रहेका बालबालिका शिक्षकहरु र अभिभावकहरु सँग तालिम बाट पाएका ज्ञान र सीप बारेमा बिद्यार्थी अभिभावकहरु सँग बसी तपाईहरुको

बालबालिकालाई सामाजिक व्यवहार लाई सुधार गर्न हजुरहरुले पनि घरमा सिकाउनु पर्छ र हाम्रा  यी साना बालबालिकालाई शैक्षिक सामग्री प्रयोग गरी पढाउने र हजुरहरु पनि घरमा पढाइको लागि दैनिक रुपमा बालबालिकाले पढाइमा चासो गरे नगरेको बारेमा बुझ्नन्न पर्छ । बालबालिका घर बाट बिद्यालय सम्म पुगेकी पुगेनन् भनेर अभिभावहरुले पनि बुझ्नन् जरुरी छ । बालबाललिकाले बिद्यालयमा आए र के कस्ता ज्ञान सीप हाँसिल गरेको छ भनि अभिभावकहरु पनि बेलाबेलामा बिद्यालय आई बुझ्न जरुरी देखिन्छ । यसरी नै हाल आए र शिक्षक अभिभावकहरुलाई बिद्यालय शिक्षा प्रति चासो बढाएको पाइन्छ । बिद्यालयमा रहेका बाल क्लब तथा यूवा क्लबहरु पनि बालबालिको अधिकार बारे शिक्षक र अभिभावलाई पनि सुनाउने बिद्यालयमा हुने गरेका बिभिन्न क्रियाकलापहरु लाई शिक्षक र अभिभावकहरु बीचमा सहजिकरण गर्ने अभिभावक शिक्षाले जोड दिएको पाइछ । बाल क्लब द्वारा समुदाय तथा बिद्यालयमा हुने हानीकारक तत्वहरुलाई हटाउन पर्छ भनि बारम्बार छलफल गर्ने बानीको विकास भएको छ ।

४. परियोजनाका २० वटा विद्यालयहरुको कक्षा १ देखि ३ सम्मको समग्र औषत सिकाई उपलब्धी शैक्षिक सत्र २०८० मा ६२.६४% थियो भने शैक्षिक सत्र २०८१ मा औषत सिकाई उपलब्धी बृद्धि भई ८१.७९% भएको छ ।

**५.**परियोजना लक्ष्य अनुसार बिद्यालयको आवश्यकतालाई हेरफेर गरी स्थानीय सरकार सँग समन्वय गरी बिद्यालयमा के कस्ता समस्या रहेका छन् पहिचान गरी बिद्यालयमा हुनु पर्ने आधारभूत आवश्यकता जस्तै खानेपानी, शौचालय, खेलमैदान र कक्षा कोठा व्यवस्थापन जस्ता विषयलाई सुधार गरेमा पनि शिक्षा सुधार हुन सक्छ । यसरी परियोजनाको लक्ष्य अनुसार यस वर्ष बिद्यालयको अति आबश्यकत लाई मध्य नजर गरि परियोजना लागु भएका २० वटा बिद्यालयहरु अनुगमन गरी स्थानीय सरकार सँग समन्वय गरी शौचालय र खानेपानी निर्माण गरियो । बलमैत्री शौचालय निर्माण पुथाउत्तरगंगा गाउँपालिकामा कार्यक्रम लागु भएका २० वटा मध्ये यस वर्ष पाँच वटा बिद्यालयमा अपाङ्गमैत्री तथा बालमैत्री शौचालय निर्माण गरियो । यस शौचालय निर्माण बाट बालबाललिकाहरु शिक्षकलाई पनि एउटै शौचालय प्रयोग गर्ने, पालो पर्खेनु पर्ने जस्ता समस्या बाट मुक्त भएको छ । बालबालिकाहरु शौचालय जाने कक्षामा शिक्षकले विषय बस्तु सुरु गर्ने गरेको शौचालयमा पालो कुर्दा कुर्दा कक्षामा पढाई नै सकिने अवस्था  बाट मुक्त भएको  छ । शौचालय निर्माण पछि तीन वटा बिद्यालयमा ३५ जना शिक्षक र १५० जना बालबालिकाहरु प्रत्यक्ष लाभ पाएका छन् ।

बिद्यालयमा खानेपानी निर्माण तथा मर्मत कार्य यस वर्ष कार्यक्रम लागु भएका २० बिद्यायलमा मध्य खानेपानी को समस्या अर्थात खानेपानी र धाराहरु अति आवश्यक  परेका ८ वटा बिद्यालयमा खानेपानी पायप विस्तार गरी बालमैत्री धाराहरु निर्माण गरी खानेपानीको राम्रो व्यवस्थापन गरियो । ८ वटा बिद्यालयमा  खानेपानी धारा निर्माण गर्दा परियोजना र स्थानीय सरकार बाट पनि सहकार्य गरी प्रत्येक बिद्यालयमा अपाङ्गमैत्री तथा बालमैत्री खानेपानी धारा निर्माण गरियो । यस खानेपानी विस्तार तथा धारा निर्माण बाट प्रत्यक्ष रुपमा ४८ जान शिक्षक २४० जना
बिद्यार्थी लाभाबित भएका छन् । यस कार्य बाट बालबालिका तथा शिक्षकहरु पनि सुध सफा खानेपानी पिउन पाउने छन् पानी बाट हुने बिभिन्न रोग बाट पनि मुक्त हुनुका साथै खानेपानीको समस्याले गर्दा पढाईमा हुने समस्या बाट पनि टाढा रहेको छ ।



श्री जनजाग्री आ.बि मयाङ



श्री देउराली मा.वि हुकाम

६. परियोजना लागू गर्नुपूर्व परियोजनाका लक्षित विद्यालयहरुमा बालबिकास देखि कक्षा ३ सम्मका बालबालिकाका अभिभावकहरु र शिक्षकलाई पनि समावेशी शिक्षा, बिद्यालय स्वःमूल्याङकन, अभिभावक शिक्षा जस्ता समुदाय स्तर वा बिद्यालयमा कार्यक्रम सञ्चालन पछि बिद्यालयमा रहेका फरक क्षमता भएका बिद्यार्थीहरु पहिचान गरी परियोजना बाट अपाङ्गता बालबाललिकालाई शैक्षिक सामग्री बितरण, विपन्न तथा जेहेन्दार बालबालिकाहरु पहिचान गरी शैक्षिक सामग्री, बिद्यालय ड्रेस, चिसो मौसममा लागउने जाकेटहरु पनि वितरण गरियो ।



श्री आदर्श माध्यमिक विद्यालय खाराबाङ



श्री बालक्लयाण आ.बि उर्ज्याङ

७. परियोजनाबाट सञ्चालित बिद्यालय स्तरीय कार्यक्रमले समुदायमा शिक्षा प्रति चासो बढेको पाइन्छ। हिजो बिद्यालय प्रवेश नगरेका अभिभावक बिद्यालय गई आफ्नो बालबाललिकाले के गरि रहेका छन्, सरसफाई कस्तो छ, खाजा के खाई रहेका छन् आदि कुरा बुझ्ने र शिक्षक सँग समन्वय गर्ने गरेको पाइन्छ । अभिभावक शिक्षा, समावेशी शिक्षा तथा अपाङ्गता शिक्षा जस्ता तालिम सहजिकरण गरेको केही समय पछि केही बिद्यालयका अभिभावकहरु सँग छलफल गर्दा भेटघाट गरिएको अभिभावक संख्या १२० जना मध्य ८५ जनाले (७०.१ प्रतिशत) अभिभावकहरुले बालबाललिकालाई घरमा समयमा खाना, सरसफाई,समयमा बिद्यालय पठाउने, घरमा पनि बालबालिकाले शिक्षकले दिएको ग्रहकार्य गरे नगरेका चेक जाँच गर्ने पाइयो। परियोजनाले समुदाय स्तरमा आएको परिवर्तन हेर्दा बिकट ठाउँ समय परिवेशमा पनि शिक्षा क्षेत्रमा गरेका लगानी र राज्य पनि गरेको लगानी समुदायमा शिक्षा प्रति चासो लिने सरोकारवालहरु सँग परियोजना बाट समुदायलाई सशक्त र सशक्तिकणम सहयोग भएको छ ।

## ५. परियोजना कार्यान्वयन गर्दै गर्दा भएका मुख्य-मुख्य सिकाईहरु

- परियोजना सञ्चालन गर्दा तालिम,बैठकहरु समुदाय स्तरमा गर्दा सेवाग्राहीलाई सहज हुने पाईयो । आर्थिक हिसाबले पनि कम हुन्छ । समुदायमा काम तथा परियोजना परिचालन गर्ने पनि सहज हुँदारहेछ ।
- परियोजना र स्थानीय सरकार सँग समन्वय गरी काम गर्दा सानो सानो रकमले पनि स्थानीय चाहाना पुरा गर्ने सकिन्छ । यस वर्षमा वडा नं ९ र २ नम्बर वडा कार्यालय सँग समन्वय गरी खानेपानी धारा, शौचालय मर्मत र कक्षा कोठामा भित्तालेख्न कार्य गरीयो । आगमी दिनहरुमा पनि समन्वय गर्दा समुदायहरुको अपनत्व हँदो रहेछ ।
- शिक्षक, अभिभावक, बिद्यार्थीहरु सँगै राखी बिद्यालयमा के के गर्ने, कसरी गर्ने शिक्षालाई कसरी गुणस्तर बनाउने बारेमा बार्षिक कायोजना बनाई अगाडी बढे तालिम आयोजना गर्नु पर्छ ।

## ६. प्रमुख चुनौतीहरु

- विद्यालयहरुलाई बालमैत्री कक्षाकोठा व्यवस्थापन, शौचालय निर्माण तथा मर्मत र खानेपानी निर्माण तथा मर्मत गर्दा समुदाय तथा बिद्यालयहरुले पनि यो हाम्रा लागि हो भनी अपनत्व नलिने भएकाले व्यवस्थापन गर्ने आर्थिक तथा सामाजीक रुपमा कठिन भएको थियो ।
- बिद्यालयमा शैक्षिक सामग्री तथा केही संरचना निर्माण सामग्री पुऱ्याउन कठिन भयो । किन भने मोटर बाटो साँघुरो बेला बेला वर्षातका कारण बन्द हुनाले सामग्रीहरु ढुवानी गर्नलाई सानो र ठूलो गाडीको प्रयोग गर्नु परेकोले आर्थिक व्यवस्थापन गर्नमा कठिनाई हुनुको साथै बाटो नपुगेको विद्यालय सम्ममा सामग्री ढुवानी गर्नलाई समुदायका मानिसहरुसँग समन्वय गरी सामग्री पुर्याउनलाई समस्या भएको थियो ।

- पुथा उत्तरगङ्गा गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा बर्षे र हिउँदे बिदा हुने समयमा एकरुपता नहुँदा योजना गरिएका कार्यक्रम तथा क्रियाकलापहरु सम्पन्न गर्नमा निकै समस्या भईरहने अवस्था छ ।

## ७. सफलताका कथाहरु

### क) शैक्षिक सामग्री सहयोगले असल रोकाको पढाइमा ल्याएको सुधार

पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ५ हुकाममा स्थायी रुपमा बस्दै आएका असल रोका १० बर्षको भएका छन् । अहिले उनी श्री देउराली माध्यमिक विद्यालयको आधारभूत तहमा कक्षा ४ मा पढ्दै छन् । सानैदेखि अत्यन्त मेहनती र लगनशील अनुशासित विद्यार्थी हुन । उनको बुवाले तीनवटा बिहे गरेका छन् । उनी माइली आमाको कान्छा छोरा हुन उनी सानो हुँदै उनको बुवाले अर्को कान्छी श्रीमती विवाह गरेर उनीहरूलाई बेवास्ता गरेपछि उनी आमाको सहारामा हुर्केका थिए उनको पारिवारिक आर्थिक अवस्था निकै कमजोर भएको कारण आवश्यक शैक्षिक सामग्री जुटाउन पनि मुस्किल भइरहेको थियो । जसले गर्दा असल विद्यालयमा नियमित नहुने अवस्था थियो ।



यसै क्रममा नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र मिक नेपाल र युनाइटेड मिसन टु नेपाल को साझेदारीमा सञ्चालित विद्यालय शिक्षा सुदृधिकरण परियोजना सीपको गरिव तथा जेहेन्दार बालबालिकाको लागि शैक्षिक सामग्री सहयोग अन्तर्गत उनलाई दुई दर्जन कापी दुई दर्जन पेन्सिल एक दर्जन कटर र एक दर्जन इरेजर साथै स्कुल झोला एक थान गरी शैक्षिक सामग्री सहयोग गरिएको थियो । असल रोका सामग्री पाएपछि निकै उत्साहित भई विद्यालयमा नियमित हुने कक्षामा शिक्षकहरुले पढाएको पाठको विषयमा चासो राख्ने पढाएको पाठको बिषयवस्तुहरुमा नबुझेको कुरामा प्रश्न गरी छलफलमा सक्रिय हुन थालेका छन् । देउराली माध्यमिक विद्यालयका सहायक प्रधानाध्यपक श्री शिशिर घर्तिमगर खुशी हुँदै भन्नु हुन्छ - "छात्रवृत्ति सामग्री सहयोग पश्चात् असल पहिलेको भन्दा नियमित स्कुल आउने गृहकार्य गर्ने पढाइलेखाइ क्रमिक रुपमा सुधार हुँदै गएको छ, शैक्षिक सामग्रीले उनलाई पढ्नमा उत्प्रेणा प्रदान गरेको छ उनी कक्षा ३ को बार्षिक परीक्षा २०८१ मा दोस्रो स्थान हाँसिल गरी कक्षा ४ मा कक्षा बृद्धि गर्न भएका छन् ।"
असलको आमा शितला घर्ती खुशी हुँदै भन्नु हुन्छ - "मेरो छोरो असललाई मिक नेपाल र युएमएनको सानो शैक्षिक सामग्री सहयोगले उसको पढाईमा ठूलो सहयोग भएको छ, यसको लागि दुबै संस्थालाई हृदय देखि धन्यवाद दिन चाहान्छु र आगामी दिनहरुमा थप सहयोगको अपेक्षा गर्दछु ।"

**बिदेश बहादुर पुन**
**सामाजिक परिचालक**

## ७. परियोजनाको आर्थिक प्रगति विवरण

| शिर्षक | योजना गरिएको बजेट | खर्च भएको बजेट |
|---|---|---|
| **प्रशासनिक** | २२,४१,२३९/- | २१,२९,०६२/- |
| **परियोजना क्रियाकलाप बजेट** | ४९,८६,५१६/- | ४९,९५,१११/- |
| **समुदायको योगदान श्रमदान** | ३,१०,०००/- | ३,१०,०००/- |
| **स्थानीय तहको बजेट खारबाङ र पेल्मा** | ४,१०,०००/- | ४,१०,०००/- |
| **जम्मा बजेट** | ७९,४७,७५५/- | ७८,४४,१७३/- |

## ८. परियोजनाको लाभान्वित विवरण : जम्मा २३५२ जना

| जनजाति | दलित | अन्य | मधेशी | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|---|---|
| १२९५ | ९१५ | २८८ | ६ | २५०४ | ११०६ | १३९८ |

# ३.१.३. सम्बोधन परियोजना

## SAMBODHAN Project

**परिचय :** फेयरमेड फाउण्डेसन नेपालको आर्थिक सहयोग र नेपाल मगर समाज सरेवा तथा सूचना केन्द्र (मिक नेपाल), रुकुम पूर्वि भाग द्वरा रुकुम पूर्वका तिन वटै स्थानिय तहसँग सहकार्य गरेर स्वास्थ्य प्रणालि सुढृदिकरण र समुदायको सशक्तिकरणमा काम गर्दै आएको छ। यस परियोजनाले मातृ तथा नवजात शिशु, उपेक्षित उष्ण प्रदेशिय रोग, अपाङ्गता समावेशी विकास, लैङ्गिक समानता क्षेत्र काम गर्दछ ।

**परियोजनाका लक्षित समुह :** गर्भवती महिला र सुत्केरी आमाहरु, उपेक्षित उष्ण प्रदेशिय रोगबाट प्रभावित र जोखिम समुदाय, अपाङ्ग भएका व्यक्तिहरु र कमजोर सामाजिक र आर्थिक अवस्था भएका जनसमुदायहरु ।

**लक्ष्य :** रुकुम पूर्व जिल्लाभित्र रहेका जोखिमयुक्त र पछाडि परेका समुदायहरूको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढाउन र स्वास्थ्य सेवा प्राप्त गर्ने ।

**परियोजनाको अवधि:** अप्रिल २०२५ देखि डिसेम्वर २०२५ सम्म

**समग्र परियोजनाको बजेट:** ने.रू. १,४२,९४,१५९

**कार्य क्षेत्र :** स्वास्थ्य प्रणाली सुदृढीकरण



**Neglected Tropical Disease (NTD)**
**उपेक्षीत उष्णप्रदेशीय रोगहरु**



**Maternal and Neonatal Health (MNH)**
**मातृ तथा नवजात शिशु स्वास्थ्य**



**Disability Inclusive Development (DID)**
**अपाड्ग मैत्री विकास**

### परियोजनाको उद्देश्यहरु :

१. समावेशी र तथ्यमा आधारित स्वास्थ्य सेवा व्यवस्थापन, योजना र कार्यान्वयनका लागि सक्षम बनाउने।
२. रेफरल व्यवस्थापन लगायत गुणस्तरीय सेवा प्रदान गर्न स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्ने ।
३. पछाडि परेका समुदायहरूमा स्वास्थ्य तथा सामाजिक जागरूकता र सेवाहरूको उपयोगमा वृद्धि गर्ने ।

### उद्देश्य अनुसारका क्रियाकलापहरु:

१. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई क्षमता अभिवृद्धि ।
२. पालिकाको समन्वयमा प्राथमिकतामा रहेका स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्यकर्मीहरूलाई सूचना व्यवस्थापन प्रणाली (DHIS, HMIS), नियमित डाटा गुणस्तर मूल्याङ्कन र डाटा प्रमाणीकरणमा तालिम र अनुगमन सहयोग।
३. गाउँपालिका सरोकारवालाहरु संग संयुक्त रूपमा जोखिममा रहेका समुदायहरूको (LNOB) नक्साङ्कन
४. गाउँपालिका र जिल्ला स्तरमा स्वास्थ्य आपतकालीन द्रुत प्रतिक्रिया टोलीलाई सक्रिय बनाउन समन्वय गर्ने ।
५. पालिकाको सहकार्य तथा समन्वयमा आवश्यकताको आधारमा गुणस्तरीय MNH, NTD र प्रयोगशाला सेवाहरूको लागि आवश्यक पूर्वाधार र उपकरणहरूको लागि स्वास्थ्य संस्थालाई सहयोग गर्ने ।
६. चिकित्सा उपकरणको मर्मतसम्भारको लागि बायो-मेडिकल प्राविधिकहरू परिचालन शिक स्स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र र पालिका संग समन्वय गरी आवश्यकताका आधारमा ।
७. गाउँपालिकाहरूसँगको सहकार्यमा स्थानीय स्वास्थ्य संस्थाहरूमा चिकित्साजन्य फोहोर व्यवस्थापनमा समन्वय ।
८. छनोट गरिएका स्वास्थ्यकर्मीहरूलाई आवश्यकताका आधारमा मातृ तथा नवजात शिशु हेरचाहमा आवश्यक सीपहरू ( प्रसूति प्राथमिक उपचार, SBA, RoUSG, MNH अद्यावधिक र प्रसूति केन्द्रहरूमा अनसाइट कोचिङ) तथा एनटीडी निदान र उपचार सम्बन्धी तालिम।

९. महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धिमा सहयोग ।
१०.पालिकासँग सहकार्य गरी अपाङ्गता मुल्यांकनलाई नियमित बनाउने, अपाङ्गता परिचयपत्र जारी गर्न समन्वय र सामाजिक सुरक्षा योजनामा जोड्न पैरवि गर्ने ।
११. बाल विवाह ,जबरजस्ती विवाह, छुवाछुत र अन्य लैंगिक हिंसाका मुद्दामा उप-प्रमुख/उपाध्यक्ष तथा निर्वाचित महिला सदस्यहरु संलग्न अस्वस्थ र हानिकारक परम्परागत अभ्यास विरुद्ध सामाजिक जागरुकता र अभियानमा सहयोग ।
१२. सरकारको सामाजिक सुरक्षा प्रावधान र सेवाहरुसंगको सम्बन्धको बारेमा समुदाय जागरुकता ।

**यस आ.व. मा परियोजनाले हासिल गरेका मुख्य क्रियाकलाप तथा उपलब्धीहरु :**

| मुख्य क्रियाकलाप तथा उपलब्धि | कार्यक्रम सञ्चालन भएको पालिका तथा स्वास्थ्य संस्था |
|---|---|
| **उपेक्षित उष्ण प्रदेशीय रोगहरूको पहिचान तथा सिफारिसमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि** | कोल प्राथमिक स्वास्थ्य केन्द्र, राङ्सी स्वास्थ्य चौकी तथा मोरावाङ स्वास्थ्य चौकी अन्तर्गतका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले १ दिने उपेक्षित उष्ण प्रदेशीय रोग (**NTDs**) पहिचान सम्बन्धी तालिमबाट रोगका प्रकार, लक्षण, जोखिम समूह, प्रारम्भिक पहिचान तथा समयमै स्वास्थ्य संस्थामा सिफारिस (**Referral**) गर्ने ज्ञान र सीपमा वृद्धि गरेका छन्। यसले समुदायस्तरमै **NTDs** को प्रारम्भिक पहिचान, सचेतना अभिवृद्धि र सेवा पहुँच सुदृढ गर्न मद्दत पुगेको छ। |
| **छाला रोग र पाठेघरको क्यान्सर प्रारम्भिक पहिचान तथा समुदायको स्वास्थ्य पहुँच सुधार** | भुमे गाउँपालिका वडा नं. ३ मा छाला रोग (कुष्टरोग) र पाठेघरको क्यान्सर पहिचानका लागि सञ्चालन गरिएको स्क्रिन क्याम्पमार्फत कुल ९४ जना सेवाग्राहिले स्वास्थ्य जाँच गराएका छन्। यसले समुदायमा छाला रोग र पाठेघरको क्यान्सरको प्रारम्भिक पहिचान, सचेतना अभिवृद्धि, र समयमै स्वास्थ्य सेवा तथा उपचार पहुँच सुनिश्चित गर्न मद्दत गरेको छ। |
| **स्वास्थ्य संस्थाका कर्मचारीको क्षमता अभिवृद्धि र अनुभव आदान–प्रदान** | रुकुम पूर्व जिल्लाका सम्पूर्ण स्वास्थ्य संस्थाका प्रमुख, तीनवटै गाउँपालिकाका स्वास्थ्य शाखा कर्मचारी, प्रमुख प्रशासनिक अधिकृत र स्वास्थ्य कार्यालयका सबै कर्मचारी बाग्लुङ जिल्लाको गलकोट नगरपालिका अन्तर्गत नरेठाटी स्वास्थ्य चौकी र निसिखोला गाउँपालिका अन्तर्गत बोहोरा गाउँ स्वास्थ्य चौकीको अवलोकन भ्रमणमा सहभागी भए। यसले उनीहरूको स्वास्थ्य सेवा व्यवस्थापन, अनुभव र सिकाइ आदान–प्रदान गर्ने क्षमता वृद्धि गरेको छ। |
| **विद्यालयस्तरमा स्वास्थ्य सचेतना र व्यवहार सुधार** | विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत विद्यार्थीहरूलाई व्यक्तिगत सरसफाइ, पोषण, महिनावारी स्वास्थ्य र रोग रोकथामसम्बन्धी जनचेतना प्रदान गरिएको छ। साथै, कार्यक्रमको प्रवर्द्धनका लागि तीनवटा होर्डिङ बोर्ड निर्माण गरी स्वास्थ्य कार्यालयलाई हस्तान्तरण गरिएको छ। यसले विद्यालयमा स्वास्थ्य सचेतना वृद्धि र सकारात्मक व्यवहार परिवर्तनमा योगदान पुर्‍याएको छ। |
| **संस्थागत सुत्केरी प्रवर्द्धन र सुरक्षित मातृत्व सुनिश्चित** | वडा निर्वाचित सदस्य, स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सक्रिय सहभागितामा तीनवटा गाउँपालिकाका पिछडिएका समुदायमा शून्य घर सुत्केरी कार्यक्रम सञ्चालन गरिएको छ। यसले घरमै हुने प्रसूति घटाउने र संस्थागत सुत्केरी बढाउने अवसर सिर्जना गरेको छ, जसबाट मातृत्व स्वास्थ्यमा सुधार र सुरक्षित प्रसूति सुनिश्चित भएको छ। |
| **परम्परागत स्वास्थ्य अभ्यास र आधुनिक स्वास्थ्य सेवा समन्वय सुधार** | भुमे गाउँपालिका वडा नं. १ र सिस्ने गाउँपालिका वडा नं. १ मा सञ्चालन गरिएको कार्यक्रममार्फत धामि र झाक्रिहरूले स्वास्थ्य सम्बन्धि जनचेतना प्राप्त गरे। उनीहरूले परम्परागत अभ्याससँगै आधुनिक स्वास्थ्य सेवाको महत्व बुझ्दै बिरामीहरूलाई स्वास्थ्य संस्थामा प्रेषण गर्न सक्रिय सहभागिता देखाएका छन्। यसले समुदायमा स्वास्थ्य सेवा पहुँच र सहकार्यमा सुधार ल्याएको छ। |
| **अपाङ्गता सर्वेक्षण कार्यक्रम** | यस कार्यक्रमले सहभागीहरू, परिवारहरू र समुदायहरूमा अपाङ्गता अधिकार, समावेशीकरण र उपलब्ध सरकारी प्रावधानहरूको बारेमा जागरूकता बढायो। वडा निर्वाचित अध्यक्ष, सदस्यहरू, स्वास्थ्यकर्मिसँगको सहकार्यमा राज्यले दिएको अधिकार र सेवा बारेमा अपाङ्गता भएका व्यक्तिहरुलाई जनचेतना प्रदान गरिएको थियो। |

| | |
|---|---|
| **सामुदायका संघ सँस्थाहरुलाई जनचेतना कार्यक्रम** | स्वास्थ्य क्षेत्रमा समुदायहरूको ज्ञान बढाउन र सामुदायिक संलग्नतालाई प्रवर्द्धन गर्न स्थानीय संस्थाहरूको लागि स्वास्थ्य जागरूकता सत्र सञ्चालन भईरहेको छ। कार्यक्रमहरू वन व्यवस्थापन समूह, **AAMA** र **BA** समूहहरू, र स्थानीय क्लबहरूमा सञ्चालन गरिएको थियो। |
| **सामाजिक कुरिति बिरूद्ध सचेतना कार्यक्रम** | यस कार्यक्रमको उद्देश्य बालविवाह, जबरजस्ती विवाह र लैङ्गिक हिंसा सम्बन्धी मनोवृत्ति, व्यवहार, सामाजिक मान्यताहरूमा जागरूकता जगाउनु र परिवर्तन गर्नु हो। <br> लक्ष्यित समूह: अभिभावक र अभिभावक, किशोरकिशोरी, युवा। <br> गतिविधिहरू: बाल अधिकार, बालविवाह सम्बन्धी कानून, जबरजस्ती विवाह, हिंसा विरोधी सम्बन्धी अन्तरक्रिया सत्र। |
| **स्वास्थ्य आमा समुहमा साथ कार्यक्रम** | साथ **(SATH)** कार्यक्रममा गर्भवती र स्तनपान गराउने आमाहरूको सक्रिय सहभागितामा स्वास्थ्य आमा समुहमा संचालन गरिन्छ। कार्यक्रममा सहभागी भएका स्वास्थ्य आमा सदस्यहरूले सामाजिक नक्सा कोर्दै आफ्ना घर, स्वास्थ्य संस्था तथा गर्भवती र स्तनपान गराउने आमाहरूको गर्भजाँच **(ANC)** र सुत्केरीपछिको जाँच **(PNC)** भ्रमण संख्या उल्लेख गर्नुपर्दछ। यसले समुदायमा मातृ तथा नवजात शिशु स्वास्थ्यमा सचेतना फैलाउने कार्यलाई सहयोग पुऱ्याउदछ। <br> महिला सामाजिक स्वास्थ्य स्वयमसेविका हरूले मातृ तथा नवजात शिशु स्वास्थ्य, स्थानीय स्वास्थ्य समस्याहरू, सेवा उपयोगका अवसरहरू, र समुदायमा स्वास्थ्यप्रति जागरूकता अभिवृद्धि गर्न योगदान पुऱ्याउनुभएको थियो। <br> यस किसिमको समावेशी सहभागिताले समुदायमा स्वास्थ्य सेवा उपयोगमा सकारात्मक प्रभाव पारेको देखिन्छ। |
| **समुदायमा स्वास्थ्य सेवा पहुँच र नियमित उपयोग सुनिश्चित** | घरदैलो कार्यक्रम अन्तर्गत गर्भवती महिला, सुत्केरी महिला र अपाङ्गता भएका व्यक्तिहरूको घरमै गई भेटघाट गरिएको छ। यस क्रममा उनीहरूलाई स्वास्थ्य शिक्षा प्रदान गरियो, स्वास्थ्य सेवा सुविधाको उपयोगको स्थिति जाँच गरियो र स्वास्थ्य संस्थाबाट नियमित सेवा लिन प्रोत्साहन गरिएको छ। यसले समुदायमा स्वास्थ्य सेवा पहुँच वृद्धि र स्वास्थ्य सचेतना अभिवृद्धि गर्न योगदान पुऱ्याएको छ। |

## सफलताको कथाहरु

### परम्पराबाट परिवर्तनतर्फः लुकुम गाउँमा मातृ-शिशु स्वास्थ्यमा आएको सकारात्मक रूपान्तरण

लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला, रुकुम (पूर्व) को भुमे गाउँपालिका, वडा नं. १, लुकुम गाउँ मुख्य रूपमा मगर जातिको बाहुल्य भएको क्षेत्र हो जहाँ परम्परागत स्वास्थ्य अभ्यासहरूमा झाँक्रि उपचारको ठूलो प्रभाव रहेको थियो। विशेष गरी यस गाउँमा कुनै स्वास्थ्य समस्या हुँदा पर्दा पहिलो प्राथमिकता झाँक्रि हेराउन जाने चलन र अभ्यासले गहिरो रूपमा जरा गाडेको थियो। त्यसैगरी, घरमै सुत्केरी गराउने प्रचलन र परम्परागत उपचार विधिको प्रयोगले मातृ-शिशु मृत्युदर उच्च, र स्वास्थ्य जोखिम हुने अवस्था सिर्जना गरिरहेको थियो। समुदायमा आधुनिक स्वास्थ्य सेवाको महत्त्व कम बुझिएको र स्वास्थ्य सचेतनाको स्तर अत्यन्तै न्यून रहेको थियो।

यसै सन्दर्भमा, फेयरमेड फाउण्डेशन नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र (मिक नेपाल) ले सञ्चालित सम्बोधन परियोजना अन्तर्गत लुकुम गाउँमा स्वास्थ्य आमा समूह र स्वास्थ्य स्वयंसेविकाहरु सँग सहकार्य गर्दै “साथ कार्यक्रम” सञ्चालन गरिएको थियो। जस अन्तर्गत हजार दिने आमाहरूको नियमित स्वास्थ्य जाँच, आइरन, क्याल्सियम, फोलिक एसिड जस्ता पोषण पूरकहरूको सेवन, सुत्केरीको स्याहार, र बच्चाको खोपलगायत बिषयमा निरन्तरण सेसन र छलफलको माध्यम उनीहरुको चेतना र क्षमता अभिबृद्धि गरिएको थियो। साथै, समुदायलाई स्वास्थ्य शिक्षामा सचेत बनाउने, घरमै सुत्केरी हुने आभासबाट हुने जोखिम र खतराहरु र स्वास्थ्य संस्थाबाट सेवा लिने लाभबारे जानकारी गराइएको थियो।

परिणामस्वरूप, घरमै सुत्केरी हुने दर ३५% बाट ५% सम्म घटेको छ, मातृ-शिशु स्वास्थ्यमा सुधार आएको छ, र गर्भवती आमाहरूको नियमित जाँचमा ९५% वृद्धि भएको छ। झाँक्रि समुदायले आफु कहाँआएका बिरामीहरुलाई पनि स्वास्थ्य संस्थामा पठाउने अभ्यास सुरु गरेको छन साथै समुदायकामानिसहरु विरामी हुदाँ वा स्वास्थ्य समस्या हुदाँ पहिलो प्राथमिकता आधुनिक

स्वास्थ्य सेवा लिन थालेका छन् । यसले लुगुम गाउँमा रहका मानिसहरुलाई स्वास्थ्य सेवा पहुँच, मातृ-शिशु सुरक्षा, र स्वास्थ्य सचेतना सुनिश्चित गर्ने सकारात्मक परिवर्तन ल्याएको छ

**दिपिका राना मगर**
**सामाजिक परिचालक**
**मिक नेपाल/सम्बोधन परियोजना**

**<u>परियोजनाका तस्बिरहरु :</u>**



***गर्भवती महिला घरभेट कार्यक्रम, पुथा उ.गा.पा १४, नाखा***



**स्वास्थ्य आमा समुहमा साथ कार्यक्रममा सहयोग, सिस्ने १, भट्टेचौर**



# ३.२ वन, वातावरण तथा जलवायु परिवर्तन
# (Forestry, Environment and Climate Change)

## ३.२.१ दीगो वातावरण तथा आर्थिक विकास परियोजना (सीड)

# ३.२.१ दीगो वातावरण तथा आर्थिक विकास परियोजना (सीड)
## (Sustainable Environment and Economic Development (SEED) Project)

पुथा उत्तरगंगा गाउँपालिका रुकुम (पूर्व) अर्न्तगत वडा नं. १ देखी ६, ९, १०, ११, १३ का लक्षित समुदायहरुको जीविकोपार्जनमा सकारात्मक सुधार गर्ने र यस क्षेत्रको वातावरणीय अवस्थामा पनि संवेदनशील बनाउने लक्ष्यका साथ २०७७ साल श्रावणदेखी कार्यान्वयन भईरहेको यस परियोजनाको प्राविधिक सहयोग युनाईटेड मिशन टु नेपाल (यू.एम.एन.) र टियरफण्ड अष्ट्रेलियाको आर्थिक सहयोग रहेको छ । आ.व.२०८१/०८२ मा भए गरेका सम्पूर्ण गतिविधीहरु र त्यसबाट आएका उपलब्धीहरुलाई यस प्रतिवेदनमा समेटिएको छ ।

### १) परियोजनाको लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य :**

- पुथा उत्तरगंगा गाउँपालिकाले दिगो आर्थिक विकास हासिल गरी वातावरण संवेदनशील स्थानिय शासन भएको हुनेछ ।

**उद्धेश्यहरु :**

- वातावरणीय स्रोतहरु दिगो भविष्यको लागी सुरक्षित गर्ने ।
- कृषि अभ्यास र उद्यमशीलता विकासमा सुधार गरी समुदायहरुको दिगो आर्थिक बृद्धि गराउने ।
- समुदायहरु र स्थानिय सरोकारवालाहरुलाई वातावरणीय, सामाजिक र आर्थिक न्याय स्थापना गर्न सक्षम बनाउने ।
- गुणस्तरीय परियोजना कार्यान्वयनको लागी परियोजना निर्माण अनुगमन, मुल्यांकन र सिकाईलाई सुनिश्चित गर्ने ।

### २) यस अवधीमा कार्यान्वयन गरिएका क्रियाकलापहरु

| क्र.सं. | क्रियाकलापहरु | लक्ष्य | सम्पन्न |
|---|---|---|---|
| १ | वातावरण संरक्षण र संरक्षण सम्बन्धी अन्तरसमूह प्रतियोगिता (गीत, भाषण आदि ) | २ | २ |
| २ | वातावरण संरक्षाण सम्बन्धी समुहहरुमा कार्य योजनामा सहयोग | १ | १ |
| ३ | गाउँमा वातावरण संरक्षणमा सामुदायिक नेतृत्वमा सचेतना (घरेलु अभियान) तथा घरदैलो अभियान सञ्चालन गर्ने । | ११ | ११ |
| ४ | फोहरमैला व्यवस्थापन सम्बन्धी पैरवी अभियानको अगुवाइमा वडास्तरमा समूहका सदस्यको अगुवाइ | २ | २ |
| ५ | सृष्टिको हेरचाह सम्बन्धी समुहका अगुवाहरुसँग समिक्षा तथा कार्यशाला | १ | १ |
| ६ | बिपद् जोखिम न्यूनिकरण सम्बन्धी समुहको कार्ययोजनामा समिक्षा तथा सहयोग | १ | १ |
| ७ | समुदाय स्तरीय प्रतिस्पर्धाको माध्यमबाट सामुदायिक समूह र स्थानीय संस्थाहरूलाई विभिन्न जोखिम र जलवायु परिवर्तन सम्बन्धी सीपको अभिमुखीकरण र प्रतिस्पर्दा | २ | २ |
| ८ | वडा स्तरीय बिपद् व्यवस्थापन समितिहरुमा बिपद् प्रकोप आदी बिषयमा क्षमता बिकास गर्ने | १ | १ |
| ९ | खानेपानीको मुहानको संरक्षण र मर्मत (अघिल्लो बैठकको दिगोपना) | २ | २ |
| १० | स्थानिय जनप्रतिनिधीहरुसँग वातावरण संक्षणका मुद्धाहरुलाई बिकासका कार्यहरुमा मुलप्रबाहिकरण गर्न अन्तरक्रिया कार्यशाला गर्ने | ८ | ८ |
| ११ | गैर कृषी उद्यमस्थापना तथा मर्मत गर्नको लागी सहयोग । (उपल्लो सेरामा भेडाको उन कोर्ने मेसिन सहयोग तथा मर्मत) | १ | १ |
| १२ | उत्पादन् बृद्धिका लागी कुशल प्रबिधीहरुको सहयोग | १ | १ |
| १३ | जलबायू परिवर्तन तथा अनुकुलनको लागि जलबायू मैत्री कृषी बेमौसमी तरकारी खेतीको लागी प्लाष्टिक टनेल थोपा सिचाई आदी प्रबिधीहरु प्रयोग सम्बन्धी किसानहरुलाई तालिम | १ | १ |
| १४ | परियोजनाबाट सहयोग प्राप्त किशानहरुलाई पशु पालन सम्बन्धी तालिम | १ | १ |
| १५ | पालिका स्तरिय कृषक सञ्जालहरुको बैठक | ३ | ३ |
| १६ | परियोजनाबाट सहयो प्राप्त कृषि तथा गैर कृषी सहयोग प्राप्त लाभग्राहीहरुसँग बैठक | १ | १ |
| १७ | जीबिकोपार्जनका लागी बिपन्न परिवारहरुलाई सहयोग | १ | १ |

| | | | |
|---|---|---|---|
| १८ | जीबिकोपार्जन बिबिधीकरणमा बिपन्न परिवारलाई सहयोग | | |
| १९ | जोखिम न्यूणिकरणको प्राबिधीक सहयोग | १ | १ |
| २० | बिपन्न परिवारहरुलाई कृषि वनमा सहयोग | १ | १ |
| २१ | स्थानिय सहकारीहरुलाई क्षमता बिकास सम्बन्धी तालिम | १ | १ |
| २२ | वातावरणमैत्री स्थानीय शासन सम्बन्धी क्षमता विकास र मूल्याङ्कनका लागि समुदायसँग अन्तरक्रिया बैठक | १ | १ |
| २३ | वातावरण मैत्री स्थानिय शासन सम्बन्धी गाउँपालिका र वडा कार्यलयका जनप्रतिनिधीहरुसँग बैठक तथा अनुगमन | १५ | १५ |
| २४ | वार्ड तथा गाउँपालिका बिपद् व्यवस्थापन समितिहरूसँग समन्वय तथा समीक्षा बैठक | २ | २ |
| २५ | फोहोर व्यवस्थापन स्थल (डम्पिङ साइट) को प्रभावकारी सञ्चालनका लागि गाउँपालिका/वार्ड कार्यालय र बजार व्यवस्थापन समितिसँग समन्वयात्मक बैठक | ६ | ६ |
| २६ | वातावरणमैत्री विद्यालय विकास गर्न तथा कार्ययोजनाको समीक्षा गर्न विद्यालयसँग फलो-अप बैठक | १ | १ |
| २७ | सँगसँगै समुहको बार्षिक समिक्षा तथा उत्सव | १ | १ |
| २८ | सँग सँगै समुहको बार्षिक कार्ययोजनामा सहयोग | १ | १ |
| २९ | वातातवरण दिवस, खडेरी दिवस मनाउने कार्य | १ | १ |
| ३० | वातावरण मैत्री गाउँ घोषणाको लागी सुचकहरुमा सहयोग | २ | २ |
| ३१ | स्थानिय तहको सहभागीतामुलक योजना तर्जुमा सम्बन्धी तालिम | १ | १ |
| ३२ | वडा स्तरमा सहभागीता मुलक योजना तर्जुमा कार्यन्वय गर्न सहयोग | १० | १० |
| ३३ | फोहोरमैला व्यवस्थापन नीति कार्यान्वियनको लागी छलफल | १ | १ |
| ३४ | पालिकामा परियोजना अभिमुखकरण | १ | १ |
| ३५ | बिस्तृत क्रियाकलाप कार्यान्वियन कार्ययोजना | १ | १ |
| ३६ | परियोजनाका कर्मचारीहरुसँग त्रैमासिक परियोजना समिक्षा बैठक | १ | १ |
| ३७ | कार्य समितिहरुद्धारा परियोजना अनुगमन | ३ | ३ |
| ३८ | कर्मचारीहरुसँग मासिक बैठक | १० | १० |
| ३९ | पालिकामा परियोजना हस्तान्तरण तथा समिक्षा बैठक | १ | १ |
| ४० | समुहहरुमा परियोजनामार्फत सामाग्रि हस्तान्तरण तथा समिक्षा | १ | १ |
| ४१ | बार्षिक समिक्षा बैठक | १ | १ |
| ४२ | परियोजनाका सिकाई तथा उपलब्धीहरुको भिडियो डकुमेन्ट्रि तयार | १ | १ |
| ४३ | पालिका स्तरिय परियोजना अनुगमन समितिद्धारा परियोजना अनुगमन | २ | २ |

## ३. परियोजनाबाट आएका मुख्य परिवर्तनबाट आएका मुख्य परिवर्तनहरु/उपलब्धीहरु

**१. करेसाबारीमार्फत पोषण र वातावरणमैत्री जीवनशैलीको प्रवर्द्धनः** ग्रामिण क्षेत्रमा रहेका कुल २६ वटा समूहहरूसँग पोषणसम्बन्धी तथा वातावरणमैत्री जीवनशैली अपनाउनका लागि करेसाबारी र तरकारी खेतीसम्बन्धी छलफल कार्यक्रमहरू सञ्चालन गरिएको थियो। यस छलफलको क्रममा सहभागी समूहका सदस्यहरूलाई घर आँगनको सदुपयोग, पोषणयुक्त आहारको उत्पादन, तथा स्थानीय स्तरमा वातावरण संबेदनशील व्यवहारिक उपायहरूबारे जानकारी र सीप र समाग्रीहरु बितरण गरिएको थियो ।



करेसाबारी निर्माण गर्दै गरेको पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं १० बाच्छिगाँउ



पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं ९ चक्तेचौरमा करेसबारीमा सिचाई गर्दै ।

तत्पश्चात समुदायका १३२५ जना सदस्यहरूले आफ्नै घर आँगनमा करेसाबारी निर्माण गरी तरकारी उत्पादन सुरु गरेका छन् । यसले

उनीहरूको दैनिक तरकारी आवश्यकतामा आत्मनिर्भरता ल्याउनुका साथै अतिरिक्त उत्पादनमार्फत आय आर्जन गर्ने सम्भावना पनि बढाएको छ ।

## २. जलवायु अनुकूलन प्रविधिद्वारा स्थायी उत्पादन र आम्दानीको वृद्धि

पुथा उत्तरगंगा गाउँपालिको ग्रमीण क्षेत्रमा जलवायु परिवर्तनको प्रत्यक्ष असर देखापरेको अवस्थालाई मध्यनजर गर्दै कृषक समूहका सदस्यहरूलाई जलवायु अनुकूलन सम्बन्धी तालिम प्रदान गरिएको थियो। उक्त तालिममा जलवायु परिवर्तन र यसले कृषिक्षेत्रमा पारेका नकारात्मक प्रभावहरू, तिनको न्यूनीकरण र अनुकूलनका उपायहरू, साथै ऋष्बिबतभ कबचत ब्नचष्अगतिगचभ सम्बन्धी प्रविधिहरूको विस्तृत जानकारी दिइएको थियो।तालिम पछि सहभागी किसानहरूलाई जलवायु अनुकूल कृषि प्रविधि प्रयोग गर्न सहयोग स्वरूप प्लास्टिक स्थायी घर (प्लास्टिक टनेल), मल्चिङ प्लास्टिक, र थोपा सिँचाइ प्रणालीका सामग्रीहरू वितरण गरिएको थियो।यस प्रविधिको प्रयोगबाट किसानहरूले मौसमका उतारचढावका बाबजुद उच्च उत्पादकत्व कायम राख्न सकेका छन्। विशेष गरी तरकारी उत्पादनमा उल्लेखनीय वृद्धि भएको छ । हालसम्म सहभागी किसानहरू मध्ये ५२जनाले विभिन्न मौसमी तरकारी उत्पादन गरी रहेका छन् भने ३५ जना ले बजारमा तरकारी बिक्री गरि औषतमा रु २०,४५५रुपैया नियमित रूपमा आम्दानी गरिरहेका छन्। यस गतिविधिले स्थानीय कृषकहरूलाई जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू न्यूनीकरण गर्दै स्थायी आम्दानीका स्रोतहरू विकास गर्न महत्त्वपूर्ण योगदान पुर्याएको छ ।


पलाष्टिक स्थाई घरमा तरकारी खेती गर्दै शुकुन्तला घर्ति


पलाष्टिक स्थाई घरमा तरकारी खेती गर्दै रतिमाला सिङ ।

## ३. खानेपानी मुहान संरक्षणमार्फत पानीको सहज पहुँच र सामुदायिक स्वास्थ्य सुधार

यस वर्ष पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १३ भल्का र वडा नं. ४ अर्जलमा वातावरण संरक्षण तथा संवद्र्धन गर्दै चरम खानेपानी समस्या अन्त्य गर्ने उद्देश्यले दुई स्थानमा खानेपानी मुहानको संरक्षण कार्य सम्पन्न गरिएको छ।खानेपानीको सहज पहुँचले महिला र बालबालिकाले टाढा पानी बोक्न जादा लाग्ने समय र श्रममा ठूलो बचत भएको छ । यसले उनीहरूलाई शिक्षामा केन्द्रित हुन र अन्य उत्पादनशील क्रियाकलापमा संलग्न हुन अवसर प्रदान गरेको छ।पानीको उपलब्धताले केवल महिलाहरूलाई मात्र होइन, सम्पूर्ण समुदायलाई सशक्त बनाएको छ । यसबाट १६ घरपरिवारले करेसबारी निर्माण गरी कृषि कार्यमा पानीको उपयोग गर्न सकेका छन् भने ३ घरपरिवारले सौचालयको नियमित प्रयोग गरी सरसफाइमा सुधार गरेका छन्। कुल २८ घरपरिवारले खानेपानी सेवा पाउँदा दूषित र फोहोर पानी उपभोगबाट छुटकारा पाएको छ, जसले गर्दा समुदायको स्वास्थ्य अवस्था सुधारमा महत्वपूर्ण योगदान पुगेको छ ।





पुथा उत्तरगङ्गा गाउँपालिका वडा १३ मा खाने पानी धारामा पानी भर्दै गिगा बि क

खानेपानीको धारा निर्माण पछि खाने उपभोग गर्दै पुथा उत्तरगङ्गा ०४ अर्जल चाहना ।

## ४. प्राथमिक उपचार  सेवा सुद्धढीकरण

स्थानीय स्तरमा विपद् वा आकस्मिक प्रकोपका घटनामा आवश्यक उपकरण र तालिम प्राप्त जनशक्ति अभावका कारण तत्कालीन  खोज तथा उद्धार र प्रथमिक उपचारहरु हुदैनथ्यो । आगलागी, दुर्घटना वा आकस्मिक रोग-व्याधिमा मानवीय क्षति न्यूनिकरण गर्न कठिनाइ थियो।समुहको  बार्षिक कार्य योजना अनुसार परियोजनाले विपद् जोखिम न्यूनीकरणको लागी पुथा उत्तरगङ्गा गाउँपालिकाका सबै १० वटा वडा कार्यालयलाई अग्निनियन्त्रक (Fire Extinguisher), प्राथमिक उपचार किट बक्स र स्ट्रेचर, ईमरजेन्सी लाईट, सावेल, गैती, सेफ्ती जुट्टा ,सेफ्ती हेलमेट रिफेलेक्ट जकेट आदी उपलब्ध गरायो । साथै, स्थानीय क्षमता विकासका लागि ३ दिने प्राथमिक उपचार सम्बन्धी तालिम सञ्चालन गरी १५ वटा समूहका २१ जनालाई तालिम प्रदान गरिएको । सामाग्री र तालिमको उपलब्धता पछि समुदायमा विपद् व्यवस्थापन र आकस्मिक उपचारको क्षमता उल्लेखनीय रूपमा बढ्यो । प्रकोप वा दुर्घटनाबाट प्रभावित ६३ जनालाई तत्काल प्राथमिक उपचार सेवा प्रदान गरी अस्पतालसम्म पुर्याउन सकिएको छ । यसले मानवीय क्षति न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याएको छ र स्थानीय तहमा विपद् प्रतिक्रिया प्रणाली सुदृढ भएको छ ।



प्राथमिक उपचार तालिममा सहभागी अभ्यास गर्दै ।



बिमारीहरुलाई स्ट्रेचरमार्फट अस्पताल सम्म पुर्याउदै

.

## ५. यार्सा संरक्षणका लागि बृहत् सरसफाई अभियान

पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं १ र २मा पर्ने बहुमुल्य जडिबुटि यार्सा संकलन स्थल पुपाल बुकी र पुर्वाङ बुकीमा विगतमा फोहोर व्यवस्थापन नहुँदा वातावरण प्रदूषण भई यार्सा लगाएका जडिबुटिहरु बिस्तारै लोप भईरहेको थियो । परियोजनाले समूहहरूको नेतृत्वमा पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं १ मैकोट र पेल्मामा वातावरण संरक्षण, ठोस फोहोरमैला को दीगो व्यवस्थापनका लागी घरदैलो अभियान सञ्चालन गरि, वडा कार्यालयहरुलाई ज्ञापनपत्र  पेश गरेका गरेका थिए तथा विश्व वातावरण दिवस-२०२५ का अवसरमा पुपालल बुकी तथा पुर्वाङमा  बृहत् सरसफाइ कार्यक्रम सञ्चालन गरियो । अभियानमार्फत प्लास्टिक, सिसाका बोतल लगायत नकुहिने फोहोर संकलन गर्दै ४ वटा खाल्डो निर्माण गरी दीगो व्यवस्थापन सुरु गरिएको छ । यसले वातावरण संरक्षण,फोहोर व्यवस्थापन तथा जैबिकबिबिधताको संरक्षणमा समुदायका मानिसहरुमको चेतनाको बिकास भएको छ ।





**६. राडी-पाखी उत्पादनमा महिलाको क्षमता वृद्धि र आत्मनिर्भरता**

परियोजनाले राडी पाखी उत्पादनमा संलग्न महिलाहरूको श्रम बचत र उत्पादन क्षमता बढाउने उद्देश्यले ऊन कोर्ने मेसिन जडान र मर्मतमा पनि सहयोग गरिएको थियो । साथै, उक्त मेसिन प्रयोग गर्ने सीप सम्बन्धी तालिम पनि प्रदान गरियो, मेसिनको प्रयोगपछि ऊन कोर्ने समय र मेहनत दुवैमा उल्लेखनीय कमी आएको छ। महिलाहरूले बचत भएको समयमा अन्य उत्पादनशील कार्य थालेका छन्। १६ महिनाको अवधिमा उक्त मेसिनबाट रू. १,८५,७०५ को आम्दानी भएको छ, जसले महिलाहरूको आर्थिक सशक्तीकरणमा ठोस योगदान पुऱ्याएको छ । उत्पादनको गुणस्तर र मात्रा दुवै बढेको छ ।


परमपरागत रुपमा उन प्रशोधन गर्दै


मेसिनबाट उन प्रशोधन गर्दै


मेसिनबाट भेडा प्रशोधन गर्दै

## ४) यस अवधीका मुख्य सिकाईहरु

- गाउँपालिका र जिल्ला स्थित बिषयगत कार्यलयका प्रमुखहरुलाई सहजकर्ताको रुपमा प्रयोग गर्दा कारण तालिमका सहजकर्ताहरु र किशानहरुका बिचमा सम्बन्ध बिस्तर भई थप सेवा सुबिधा तथा समुहको दीगोपनाको लागी सहयोग हुने ।
- समूहका सक्रिय सदस्यहरू आन्तरिक बसाइँसराइ गरी समूह छोड्ने अवस्थाले समूहको दिगोपनमा असर पारेको पाइयो । यस कारण समूहको निरन्तरता र सञ्चालनका लागि समुह सदस्यहरुको नेतृत्व बिकास सम्बन्धी तालिम,नेतृत्व र समूहप्रतिको उत्तरदायित्व र जवाफदेहितामा जोड दिन आवश्यक छ भन्ने सिकाई भयो ।
- परियोजनाद्वारा परिचालित समूहहरूको मासिक बैठकमा नियमित रूपमा बचत संकलन र परिचालन हुने गरे तापनि त्यसको वास्तविक फाइदा र महत्वबारे पर्याप्त बुझाइ थिएन । यसलाई प्रभावकारी बनाउनका लागि सबै समूहमा मासिक रूपमा वित्तीय साक्षरता कक्षा सञ्चालन गरी समूह सदस्यहरूलाई वित्तीय ज्ञान प्रदान गर्नु अपरिहार्य छ भन्ने सिकाई भयो ।

## ५) यस अबधीमा आएका मुख्य चुनौतीहरु

- जलवायु परिवर्तन र भौतिक संरचनाहरूको विकासले समुदायमा विपद् जोखिमका घटनाहरू वृद्धि हुनु ।
- समुदायको वास्तविक माग अनुसार जविकोपार्जनका सहयोगहरू संचालन गर्न नसक्नु ।
- चिसो मौसमका कारण भौतिक निर्माण कार्य तोकिएको समयमै सम्पन्न गर्न कठिनाइ हुनु ।
- समूहका सक्रिय सदस्यहरूको आन्तरिक बसाइँसराइका कारण समूहको निरन्तरता र दीगो सञ्चालनमा समस्या उत्पन्न हुनु ।

## ६) सफलताको कथा

### सङ्घर्षबाट आत्मनिर्भरता तर्फको यात्रा - शान्ति नेपाली

शान्ति नेपाली पुथा उत्तरगङ्गा गाउँपालिका-१, मैकोटकी एक मिहिनेती, सहासी र आत्मनिर्भर महिला हुन्। २०५५ सालमा जन्मिएकी शान्तिको जीवन बाल्यकालदेखि नै संघर्षमय रह्यो। आठ कक्षा पढ्दै गर्दा उनी सानो उमेरमै विवाह बन्धनमा बाँधिइन्। हाल उनको पाँच सदस्यीय परिवारमा दुई छोरी, एक छोरा र श्रीमान् छन्।शुरुवातका दिनमा उनीहरूको पारिवारिकको आर्थिक अवस्था अत्यन्तै कमजोर थियो। ठूलो परिवार, न्यून आम्दानी, र दैनिकी चलाउनु पर्ने जिम्मेवारीले शान्तिलाई अत्यधिक दबाबमा राख्यो। आफ्नै परिवारसँग छुट्टिएर छिमेकीको घरमा केही समय बस्नुपर्‍यो। दैनिक आवश्यकता पूरा गर्न श्रीमान्–श्रीमती दुवैले गाउँमै मजदुरी गर्न थाले । २०७८ मिक नेपाल र यूएम एन रुकुम क्लष्टरको साझेदारीमा सञ्चालित दीगोवातावण तथा आर्थिक विकास (सीड) परियोजना अन्तर्गत गाउँमा दुईवटा समूह गठन गर्दा शान्तिलाई पनि सदस्यको रूपमा सहभागी हुन मौका मिल्यो । समूहमा मासिक बैठक, गाउँ घरमा सरसफाई तथा जनचेतनामूलक क्रियाकलापमा सहभागी हुँदै जाँदा, समुहका र वडाका बिपन्न परिवारहरूलाई जीबिकोपार्जनका लागी सहयोग उपलब्ध गराउने निर्णय भयो। सोही क्रममा शान्तिको नाम बङ्गुर पालन कार्यक्रमका लागि सिफारिस गरियो। र उनले २० हजार रुपैया बराबरको बंगुर पालन सहयोग पाउने बित्तिकै उनले इमानदारीपूर्वक बङ्गुर पालन गर्न थालिन्। निरन्तर प्रयास र मेहनतले व्यवसाय विस्तार हुँदै गयो। केही समयपछि उनको परिवारलाई आत्मनिर्भर बनाउन सहयोग पुग्यो। बङ्गुरपालन व्यवसायबाट वार्षिक रु. ३०,००० देखि ४०,००० सम्म आम्दानी हुन थाल्यो। यसै आम्दानीले उनले छोराछोरीको पढाइ खर्चसमेत धान्न सक्न थालेकी छन्। पहिलो पटक आफूजस्तै पिछडिएका वर्गलाई प्राथमिकता दिइएर सहयोग गरेकोमा शान्ती खुसी भईन् ।हाल श्रीमान श्रीमती दुबैले बंगुरको ढाना संकलन औषधी उपचार हेरचाह मिलेर गर्छन् । आम्दानीको सुधारसँगै उनले गाउँमा चलनचल्तीमा रहेको दुकुती खेलमा पनि सहभागी भइ एक लाख रुपैया बचत गरिरहेका छन्।शान्तीले आफ्नो योजना सुनाउदै भनिन् अव बंगुर फर्म दर्ता गरि व्यवसायीक रुपमा बंगुर पालन गर्ने योजना छ ।बंगुरपालन सहयोग पछि आर्थिक रूपमा पहिले भन्दा धेरै सक्षम र आत्मनिर्भर भएको छु।शान्ति नेपाली भन्छिन्:"आज मेरो जीवनमा आएको सकारात्मक परिवर्तन मिक नेपाल संस्थाको सहयोग र मार्गदर्शनकै कारण सम्भव भएको हो। उहाँहरूको योगदानप्रति म हृदयदेखि आभारी छु।"



**जुन बि क**
**सामाजिक परिचालक सीड परियोजना**

## ७ ) यस परियोजनाको आर्थिक प्रगती बिवरण

| शिर्षक | योजना गरिएको बजेट | खर्च भएको बजेट |
|---|---|---|
| **प्रशासिक** | ३३७१५७३१ | ३३७१५७३१ |
| **परियोजना गत** | ४२,६८,९७१ | ४२,६८,९७१ |
| **जम्मा** | ७६४०,७०२ | ७६४०,७०२ |

## ८) परियोजनाबाट लाभान्वित बर्गहरुको बिवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | अपाङगता भएका व्यक्ति |
|---|---|---|---|---|---|---|
| **७२८** | **६७४** | **१४०२** | **५३७** | **७३६** | **१२८** | **३७** |



# ३.३ दीगो जीविकोपार्जन
## (Sustainable Livelihood)

### ३.३.२ पोषण तथा जीविकोपार्जन प्रबर्द्धनका लागि पर्यावरणीय कृषि परियोजना

## ३.३.२ पोषण तथा जीविकोपार्जन प्रबर्द्धनका लागि पर्यावरणीय कृषी परियोजना (Agroecology for Nutrition and Livelihood Promotion Project)

पोषण तथा जिविकोपार्जन प्रवर्द्धका लागी पर्यावरणीय कृषि परियोजना नेपाल मगर समाज सेवा तथा सुचना केन्द्र मिक नेपाल द्वारा फाष्टेनएक्सन स्विजरल्याण्डको साझेदारीमा सिस्ने गाउँपालिका वडा नं. १ र २ मा सञ्चालन भईरहेको छ। परियोजनाले विशेष गरी तरकारी, फलफूल, अन्न बाली, र डाले घाँस क्षेत्रमा काम गरी जिविकोपार्जन तथा पोषण सुधारमा सुनिश्चितता गर्ने लक्ष लिएको छ। परियोजनाका विभिन्न अंगहरु करेसावारी, बहुउद्देश्यीय नर्सरी, सामुदायीक बगैचा, विद्यालय वगैचा, बिउ बैंक आदीमा आधारीत भएर कार्यान्वयन भईरहेको छ।

**क) यस परियोजनाको दीर्घकालीन लक्ष्य :**

- पर्यावरणीय कृषि प्रणालीको स्थायित्व बनाउने यसको दिर्घकालिन लक्ष्य रहेको छ।

**ख) यस परियोजनाको लक्ष्य :**

- पर्यावरणीय कृषिमा आधारित कृषिको माध्यमवाट पोषण तथा खाद्यान्न पहुँचमा सुधार ल्याउने मुख्य लक्ष्य रहेको छ।

**ग) परियोजनाको विशिष्ट उद्देश्यहरु :**

- पर्यावरणमैत्री तरकारी तथा फलफूल खेती विस्तार गर्ने
- स्थानिय स्तरमै नर्सरी स्थापना गर्ने
- भूगोल सुहाउँदो अन्नवालीको उत्पादन वृद्दि तथा विविदता वृद्दि गर्ने
- पर्यावरणीय कृषिको लागी स्थानिय सरकारलाई नीति निर्माणमा पैरवी गर्ने

**घ) परियोजनाले राखेका अपेक्षित उपलब्धीहरु :**

- लक्षित समुदायहरुको खाद्य सुरक्षामा पहुँच वृद्धि भएको हुनेछ।
- पर्यावरणीय कृषी सम्बन्धी स्थानीय श्रोतहरुको पहिचान एवं प्रयोग भएको हुनेछ।
- लक्षित समुदायहरु पर्यावरणीय कृषीमा आधारित कृषीको अभ्यास गरिरहेका हुनेछन्।

**ङ) सम्पन्न गरिएका क्रियाकलापहरु :**

| क.सं | क्रियाकलापहरु | लक्ष्य | प्रगती |
|---|---|---|---|
| १ | पर्यावरणीय करेसावारीको दिगो व्यवस्थापना सम्वन्धी समुहलाई तालिम | २३ | २३ |
| २ | बहुवर्षे तरकारी सम्वन्धी समुहलाई तालिम | ३३ | ३३ |
| ३ | विउ उत्पादन तथा महत्व सम्वन्धी समुहलाई तालिम | २३ | २३ |
| ४ | तरकारीको विउ सहयोग (जात) | १६ | १६ |
| ५ | नर्सरी व्यक्तिहरुको सिकाई आदान प्रदान तथा वार्षिक योजना कार्यशाला | १ | १ |
| ६ | नर्सरीमा आवश्यक सामग्री सहयोग (वटा नर्सरी) | ४ | ४ |
| ७ | नर्सरीको लागी आवश्यक विभिन्न विउ सहयोग (जात) | ५ | ८ |
| ८ | ४ वटै नर्सरीमा व्यवस्थापनको लागी दुई दिने अनसाइड कोचिङ | १ | १ |
| ९ | ४ वटै नर्सरीमा विरुवा उत्पादन योजना तयार | ४ | ३ |
| १० | सामुदायीक वगैचामा विरुवा प्रसारण सम्वन्धी तालिम | २ | २ |
| ११ | सामुदायीक वगैचा व्यवस्थापन सम्वन्धी समुदाय संग बैठक छलफल | ६ | ७ |
| १२ | सामुदायीक वगैचामा विरुवा सहयोग | ३०० | ६८५ |
| १३ | सामुदायीक वगैचा व्यवस्थापन समितिसँग वगैचा व्यवस्थापन छलफल | १ | १ |
| १४ | समुहमा विरुवा प्रसारण सम्वन्धी तालिम | २३ | २३ |
| १५ | समुदायमा विरुवा सहयोग घरधुरी | १०० | १५५ |
| १६ | समुदायमा विरुवा सहयोग विरुवा संख्या | ५०० | १३३२ |

| | | | |
|---|---|---|---|
| १७ | विद्यालय वगैचा समिक्षा कार्यशाला | २ | २ |
| १८ | विद्यालयमा सचेतना कार्यक्रम | ३ | ३ |
| १९ | अगुवा किसानलाई मकै उत्पादन वृद्दी सम्वन्धी तालिम | २३ | ३१ |
| २० | मकैको शुद्द विउ सहयोग केजी | २५ | ५० |
| २१ | रैथाने अन्नवालीको महत्व सम्वन्धी समुलाई तालिम | २३ | २३ |
| २२ | अगुवा किसानलाई कोदो उत्पादन वृद्दी सम्वन्धी तालिम | ५० | ५९ |
| २३ | कोदोको विउ सहयोग केजीमा | २५ | ५० |
| २४ | जरेबाली (तरुल) विउ सहयोग घर | ५० | ६० |
| २५ | गहुको उपयूक्त जात छनोट कार्यशाला तथा गहु उत्पादन तुलना अध्यन ट्रयाल तेश्रो वर्ष | १ | १ |
| २६ | समुह अगुवालाई समुह व्यवस्थापन सम्वन्धी तालिम | ५६ | १०४ |
| २७ | जनप्रतिनिधी र समुह विच साक्षातकार तथा छलफल | २ | २ |
| २८ | सरोकारवासंग पर्यावरणीय कृषि सम्वन्धी समन्वय मिटिङ | ३ | ३ |
| २९ | अभियान- प्लाष्टिक व्यवस्थापन, डढेलो नियन्त्रण, विरुवालाई तालिम तथा काटछाट | ५ | ७ |
| ३० | टोल सरसफाई समिति गठन | १२ | १६ |
| ३१ | साना पशुपालन अभियान तथा घरभेट | ४० | ४७ |

**च) मुख्य उपलब्धीहरु**

**पर्यावरणीय घरवगैचा निर्माण**

घरवगैचा निर्माणको मुख्य उद्देश्य भनेको पोषण तथा सन्तुलित आहार व्यवस्थापन गर्नु हो । वगैचामा सवै मौसममा कम्तिमा ५ प्रजातीका तरकारी, मौसम अनुसार ५ भन्दा वढी फलफूल हुनु आवश्यक देखिन्छ । विउको सहजतालाई विश्लेषण गर्दा बहुवर्षे प्रजाति हुनुपर्दछ र आयात गरिएको जातलाई स्थानियकरण गरी स्थानिय स्तरमा विउ उत्पादन गर्नु पर्दछ । यस प्रकारको घर वगैचा प्रवर्द्धन गर्न ३३ समुहहरुमा तालिम, छलफल तथा अन्तरक्रियाहरु सम्पन्न भए । आवश्यक तरकारीका विउहरु सहयोग गरियो भने हावापानी तथा भूगोल सुहाउदो विरुवाहरु पनि सहयोग भयो ।

करेसावारीको महत्वमा बुझाई विस्तार हुदै जाँदा तरकारी उत्पादनमा विविधता आएको छ । तरकारी विउमा आत्मनिर्भर हुनका लागी विउ उत्पादनमा समुदाय अगाडी वढी रहेको छ । परियोजनाले काम गर्ने क्षेत्रमा विउ उत्पादन नभएको क्षेत्रकालगी रायो, चोता, रातो मुला, धनिया, केराउको विउ उत्पादक क्षेत्रवाट संकलन गर्ने गरेकोछ। काउली जात, अन्य थप तरकारीको विउ उत्पादनको प्रयास पनि समुदायमा भैरहेको छ ।

सुख्खा याममा तरकारी उत्पादनको लागी घरेलु तरकारीका साथै जंगली प्रजातीहरु पनि विस्तार गरिरहेका छन। जर्को, जम्मु, बासमती, सिस्नु लाई पनि महत्वका साथ प्रसारण तथा विस्तार गरिरहेका छन। यस अघि २/३ जातका तरकारीहरु उत्पादन गर्नेहरुमा पनि वहुवर्षे तरकारी विस्तार तथा प्रसारणमा अगाडी वढेका छन। यस वर्ष सवै करेसावारीमा कम्तिमा पनि एकवटा वहुवर्षे तरकारीको प्रजाती पाउन सकिन्छ। त्यसै गरी घरवगैचा विकासको लागी ५ देखी ७ वटा फलफूलका विरुवाहरु रोपेका छन। यस आर्थिक बर्ष १५१ घरधुरीहरुलाई सात जातका ११२४ वटा गुणस्तरिय बिरुवाहरु परियोजनाले उपलब्ध गराएको थियो जसमा प्राविधिक सहयोग परियोजना कर्मचारीहरुले गरेका थिए । घरवगैचाको दिगो वारको लागी वगैचा वरिपरी सिस्नु, घण्टीफूल जस्ता जैविक वारको प्रयास गरिरहेको छ ।

**करेसावारी स्थापना:** यस अवधीमा १२४ घरधुरीहरुले नया करेसावारी स्थापना गरेका छन भने ११८ घरधुरीहरुले अघिल्लो बर्ष तयार गरेका करेसावारीहरु लाई सुधार गरेका छन । नयाँ स्थापना तथा सुधार गरेका करेसावारीहरुमा निम्न पर्यावरणीय अभ्यासहरु अवलम्वन गरिएको छ :

- मिश्रीत र चक्रिय बाली प्रणाली
- कम्तिमा ५ प्रकारका तरकारी संख्या
- मौसम अनुसार Flat bed, raised bed / sunken bed प्रयोगका साथै कम्पोष्ट खाडल निर्माण र प्रयोग
- बार निर्माण र बारमा लहरे खेती साथै छापोको प्रयोग
- बुहबर्षिय तरकारी खेती
- तरकारीहरुको बिउ उत्पादन प्रयास र उत्पादन

**बिउ व्यवस्थापन सहयोगः** समुदायमा उपलब्ध भएको स्थानिय र वाहिय तरकारी बालिका बिउहरु समुदाय भित्र साटासाट गर्ने प्रचलन तथा अभ्यास छ भने परियोजनाले पनि समुदाय बाट खरिद गरेर आबश्यक्ता अनुसार बितरण गरेको छ। समुदायमा उपलब्ध नभएका बिउहर जस्तैः बोडी, पालक, मार्फा साग, चुकुन्दर, गाजर, सलगम, मूला, प्याज बन्दा , काउली स्विसचार्ट आदी तरकारीका बिउ परियोजनाले खरिद गरि समुदायमा बितरण गरेको छ साथै बितरण गरिएका बिउबाट समुदाय आफैले बिउ उत्पादन गरी बिउको व्यवस्था गर्ने अभ्यास अवलम्वन गरिएको छ ।

**करेसावारी निर्माणको लागी प्राविधिक सहयोगः**



करेसावारी निर्माणको लागी आवश्यक पर्ने प्राविधीक सहयोग समुहको बैठकमा र घरभेट माध्यमवाट प्रदान गरिएको छ । सिड व्याड तयारी गरी बेर्ना जमाउने बिधी, स्थानिय स्तरमा पाईने विभिन्न सामग्रीहरुको प्रयोग गरी जैविक विषदी तयार गरि रोगकिरा नियन्त्रण गर्ने तरिका, पानी व्यवस्थापन, चक्रिय बालि प्रणली, मिश्रीत बाली प्रणली, छापो ,जैविक बार जस्ता बिषयमा ३३ वटै समुहमा र घरभेटको माध्यमवाट आवश्यक ज्ञान र शिप प्रदान गरिएको छ।



**बहुउद्देश्यीय नर्सरी स्थापनाः** सिस्ने गा.पा. वडा नं १ मा २ वटा र वडा नं.२ मा २ वटा गरी जम्मा ४ वटा नर्सरीहरु स्थापना भएका छन। बहुउद्धेश्यीय नर्सरीहरु स्थापना गर्नुको मुख्य उद्धेश्यहरु तल उल्लेख गरिएको छः

- फलफूलका विभिन्न जातहरुको परिक्षण गरी परियोजना क्षेत्रको हावापानीमा राम्रो परिणाम दिने फलफूल छनोट गरि समुदायमा फैलाउने।
- समुदायमा फलफूलका र डालेघाँसका उच्च गुणस्तरीय बिरुवाका साथै तरकारीको बिउ तथा बेर्ना सहजै उपलब्ध गराउने।
- भरपर्दो श्रोत ब्यक्ति समुदायमा नै उत्पादन गरी फलफूल खेती र नर्सरी सम्बन्धी प्राविधिक सहयोग समुदायमा दिगो रुपमा उपलब्ध हुने गराउने।

**नर्सरी पालकहरुलाई तालिम तथा प्राविधिक सहयोगः** नर्सरी पालकहरुले अघिल्लो वर्षहरुमा तालिम पाएका छन। यस बर्ष ओखर ग्रयाफ्टीङ्ग सम्बन्धी जानकार रनजित बोहरा(डोल्पा) बाट ल्याएर सबै ४ वटै नर्सरीहरुमा प्रविधिक सहयोग गरियो। साथै परियोजना कर्मचारीहरु वाट समय समयमा नर्सरीमा पुगेर नर्सरीको अवलोकन तथा अनुगमन गरी आबश्यक सल्लाह सुझाब र प्राविधिक सहयोग प्रदान गरिएको छ।

**माउबोट (Mother plants) बिरुवा सहयोगः** स्थापना भएका ४ वटा नर्सरीहरुमा विभिन्न फलफूका विभिन्न जातका विरुवाहरु Mother plants को रुपमा सहयोग गरिएका छ। सहयोग गरिएका माउ बोटहरुको नर्सरी पालकहरुले परियोजनाका कर्मचारीहरुको प्राविधिक सहयोगमा हुर्काईरहेका छन। यसरी वितरण गरिएका विभिन्न जातका फलफूलहरु मध्य जसले राम्रो परिणाम दिन्छ त्यसलाई छनोट गरेर समुदायमा फैलाईने छ। निम्न बमोजिमका फलफूलका बिरुवाहरु सहयोग भएका छन् ।

| क्र.स. | फलफूलको नाम | जात | कैफियत |
|---|---|---|---|
| १ | ब्यूलुबेरी | Chandler | |
| २ | आल्मोण्ड | Nonpareil | |
| ३ | हलुवाबेद | Fuyu Japanese | |
| ४ | एप्रिकट | Shakarpara | |
| ५ | स्याउ | Redjune, Gala, Anna, Fuji | |
| ६ | नास्पती | Anjou, Barlet, Bosc | |
| ७ | आरु | Redjune, Elberta, Desert golden | |
| ८ | पिकानट | - | |
| ९ | अंगुर | Parlette seedless | |
| १० | चेरी | Stella | |
| ११ | लेमन | Maxicon, Mayers | |

**बहुउद्देश्यीय नर्सरीमा बितरण गरिएका सामग्रीहरु**

**नर्सरीमा बिउ व्यवस्थापन तथा सहयोग :** रुटस्टक तयार गर्नको लागी आवश्यक पर्ने विभिन्न प्रकारका फलफूलका बिउहरु जस्तै ओखर, पैयू, मेल, आरु, आदी परियोजनाले समुदायबाट संकलन गरी नर्सरीहरुलाई उपलब्ध गराएको छ भने धेरै जसो बिउहरु नर्सरीपालकहरु आफैले संकलन गरेर बेर्ना जमाएका छन। दाँते ओखरको लागी जंगली हाडे ओखर, आरु, पलम र आल्मोण्डको लागी स्थानिय आरुको बिउ, नास्पतीको लागी जगली मेलको बिउ आफैले संकलन गरेर बेर्ना जमाएका छन भने सुन्तला जातको लागी तिनपाते सुन्तलाको बिउ, अम्बा जस्ता स्थानिय स्तरमा नपाईने बिउ परियोजनाले बाहिर बाट संकलन गरी उपलब्ध गराएको छ। त्यसै गरी डाले घाँसको लागी स्थानिय स्तरमा उपलब्ध भएका बिरुवा बाट बिउ सकलन गरेर र केही कलमी प्रसारण गरेर बेर्नाहरुको व्यबस्था गरिरहेका छन् ।

**नर्सरी व्यवस्थापनका लागी सामग्री सहयोग**

बहुउद्देश्यीय नर्सरी व्यवस्थापनको लागी आवश्यक पर्ने सामग्रीहरु परियोजनाले उपलब्ध गराएको छ। यस बर्ष रोग नियन्त्रण साम्बन्धी सामग्रीहरु कृषि चुना, निलो तुथो, आलसको तेल, निमको तेल,र प्रयोग गर्ने सामगग्रीहरु बाल्टी, पञ्जा, ब्रस उपलब्ध गराएको छ भने गत बर्षमा बितरण गरेका सामग्रीहरुको सहि सदुपयोग सुनिश्चितता गरेको छ। गत बर्ष सबै ४ वटै प्रत्यक नर्सरीहरुमा निम्न प्रकारका सामग्रहिरु वितरण गरिएको थियो ।

**बहुउद्देश्यीय नर्सरीहरुको उत्पादनः** परियोजनाको प्राविधिक तथा आर्थिक सहयोगमा स्थापना गरिएका ४ वटा बहुउद्देश्यीय नर्सरीहरु मध्य ३ वटाले उल्लेख्य प्रगती गरेको पाईन्छ। यो आर्थिक बर्षमा यी नसरीहरुले उत्पादन गरेका विभिन्न फलफूलका विरुवाहरु, डाले घाँस, र केही मसला जन्य बालीहरको बेर्ना समुदायमा बितरण गरिउको छ। १९३६वटा बिरुवाहरु परियोजनाले नर्सरी बाट खरिद गरि समुदायमा वितरण गरेको छ भने विभिन्न जातका ३३७५ वटा बिरुवाहरु यस आर्थिक बर्षमा अर्को बर्षको लागी हुर्किदै छन ।

| क्र.स | बिरुवाको नाम | समुदायमा वितरण गरिएका बिरुवाहरुको संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | सुद्री नर्सरी | प्याङ नर्सरी | भट्टेचौर नर्सरी | जम्मा | कैफियत |
| १ | अम्बा | १२७ | ४ | | १३१ | फलफूल |
| २ | कागती | १३ | ५५ | | ६८ | फलफूल |
| ३ | स्टेबेरी | १ | ५२ | | ५३ | फलफूल |
| ४ | सुन्तला | ४ | ११ | | १५ | फलफूल |
| ५ | बिउरा | ४ | ६ | | १० | फलफूल |
| ६ | चुक | ८ | | | ८ | फलफूल |
| ७ | आरु | १ | ६ | ६९ | ७६ | फलफूल |
| ८ | पलम | | | १६ | १६ | फलफूल |
| ९ | नास्पती | | | १४ | १४ | फलफूल |
| १० | स्याउ | ४ | | १ | ५ | फलफूल |
| ११ | दाते ओखर | | | ३ | ३ | फलफूल |
| १२ | चेरी(पैयूमा कलम) | | १३ | | १३ | फलफूल |
| १३ | कोईराल | ३०४ | २३७ | २२ | ५६३ | डालेघाँस |
| १४ | बगाईनो | | २९९ | ७५ | ३७४ | डालेघाँस |
| १५ | किमु | | १०१ | ११० | २११ | डालेघाँस |
| १६ | बाँज | १०१ | | | १०१ | डालेघाँस |
| १७ | दुदिल्लो | | | ९३ | ९३ | डालेघाँस |
| १८ | बयस | | ३६ | ३२ | ६८ | डालेघाँस |
| १९ | रँयज | ६१ | | | ६१ | डालेघाँस |
| २१ | चिउरी | ४७ | | | ४७ | बहुउपयोगी |
| २२ | रिठा | | ६ | | ६ | काठ, तथा अन्य |
| **जम्मा** | | **६७५** | **८२६** | **४३५** | **१९३६** | |

**नर्सरी बाट उत्पादन गरी समुदायमा वितरण गरिएका बिरुवाहरु**

**सामुदायीक बगैचा स्थापनाः** समुदायमा अवस्थित बनमा वाँफो रहेको जमिनको सदुपयोग गरि समुदायको खाद्यअवस्था सुधारमा सहयोग पुर्याउने उद्देश्यकासाथ सिस्ने वडा नं. १ मा एउटा र वडा नं. २ मा एउटा गरि २ वटा सामुदायीक वगैचा

स्थापना भएका छन। सिस्ने वडा नं. १ ओखेनामा लालिगुराँस सामुदायीक वनको ५०० वर्गमिटर र सिस्ने वडा नं. २ सुद्रीमा फूलवारी सामुदायीक वनको झण्डै १५०० वर्गमिटर क्षेत्रफल जमिन प्रयोग भएको छ। समुदायका सवै घरधुरी सँग फलफूल खेतीको लागी प्रयाप्त निजि जमिन नहुनु र सामुदायीक वन सँग नाङ्गो तथा वाझो जमिन रहेकोले वगैचा स्थापना भएका हुन। समुदायमा खाद्य उपलब्धतालाई सहज गराउने मात्र नभै पर्यावरणीय वातावरणको विकासमा सहयोग पुर्याउने यसको लक्ष्य हो। बिस्तारै खाद्यबनको अवधारणालाई विकास गर्ने परियोजनाको लक्ष्य रहेको छ ।

सामुदायीक वगैचा स्थापनाको लागी परियोजनाले सामुदायीक बन उपभोक्ता समिति, समुदाय सँग पटकपटक छलफल अन्तरक्रिया गरिरहयो। सामुदायीक वगैचा स्थापना सँगै समुदायसँग सामुदायीक वगैचाको महत्व र फाईदाहरु बारे निरन्तर छलफल, अन्तरक्रिया, बैठक चलाउनुका साथै आवश्यक औजार तथा सामग्रीहरु, विरुवाहरु उपलब्धता गरायो भने समुदायले खुल्ला चरिचरण ब्यवस्थापन, आधारभूत बारवन्देज, विरुवा रोप्न ठाँउ तयार, खाडल खन्ने, मल व्यवस्था गर्ने, चिस्यानको लागी पानी व्यवस्था, आगलागी नियन्त्रणको लागी पूर्व तयारी तथा सचेतना, वगैचा हेरालोको व्यवस्था गरेका छन । सिस्ने २ सुद्रीमा स्थापना गरिएको सामुदायीक बगैचा यस हिउदको आगलागीले पूर्णरुपमा क्षेती पुर्याएकोले पुनः ६३२ बोट वृक्षारोपन गरी पुनस्थापना गरिएको छ भने सिस्ने १ ओखेनाको सामुदायीक बगैचामा टिम्मुर, फलफूल र डालेघाँस गरी १४१ वटा नया थप बिरुवाहरु रोपिएको छ । यी दुबै वगैचामा निम्न सामग्री तथा औजारहरु परियोजना बाट उपलब्ध गराईएको छ ।

| क्र.स. | विवरण | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | ड्रम (१००० लि.) | वटा | ३ | १ओखेना २ सुद्री |
| २ | पायप | क्वायल | २ | १ओखेना १ सुद्री |
| ३ | लुज पायप | क्वायल | २ | १ओखेना १ सुद्री |
| ४ | गेट भल्व सेट | सेट | ३ | १ओखेना २ सुद्री |
| ५ | स्प्रिङकल (ठूलो) | वटा | २ | १ओखेना १ सुद्री |
| ५ | तारजाली | के जी | ७४२ | ओखेना |

**सामुदायीक बगैचा ब्यवस्थापनका लागी प्रदान गरिएका सामग्रीहरुको लिष्ट**

### सामुदायीक बगैचाको सञ्चालन तथा हेरचाह व्यवस्थापन

यी सामुदायीक बगैचाको सञ्चालन तथा हेरचाह पोषण तथा जिविकोपार्जन प्रवर्द्धनका लागी पर्यावरणीय कृषि परियोजना अन्तर्गत गठन गरिएका सिस्ने १ ओखेनाका ४ वटा समुहहरुले ओखेना सामुदायिक बगैचा र सुद्रीको सामुदायीक बगैचाको सिस्ने २ सुदीका २ वटा समुहले  गर्दछन ।

### सामुदायीक बगैचा स्थापना गर्नुका उद्देश्यहरु

- विभिन्न बोटबिरुवाहरु उत्पादन गरी खाली क्षेत्रमा बृक्षारोपन प्रबर्द्धन गर्न र बृक्षारोपन गर्नुपर्छ भन्ने भावनाको विकास गर्न
- बिभिन्न जातका फलफूलहरु लगाई फलफूलमा आफैले खोज अनुसन्धान गरी उत्कृष्ट जातको छनोट गर्न
- फलफूल खेती सम्वन्धी  आबश्यक ज्ञान र सिपमा समुलायको क्ष्मता विकास गर्न

### विद्यालय वगैचा प्रवर्द्धन

पर्यावरणीय कृषि पद्धतिको ज्ञान विस्तार गर्ने उद्देश्यले विद्यालय वगैचा स्थापना भएका छन। विद्यालय ज्ञानको सागर भएकोले पर्यावरणीय कृषि पद्दतीको विस्तारमा विद्यालयले महत्वपूर्ण भूमिका खेल्दछ। सवे विद्यार्थिहरु कृषककै छोराछोरी भएकाले कृषि पद्दतीमा नया आयाम वुझाउन सजिलो हुन्छ। विद्यालय वगैचाले दिवा खाजामा केही टेवा पुर्याउदछ र वालवालिकाको पोषण सुधारमा सहयोग गर्दछ । विशेषतः वालवालीकाको पोषणमा सुधार र पर्यावरणीय कृषि पद्दतीको ज्ञानमा प्रसार गर्ने विद्यालय वगैचाको उद्देश्यहरु हुन ।

सिस्ने वडा नं. १ को नवज्योती मा.वि. बल्लेचौर र सिस्ने वडा नं. २ को वालचेतना आ.वि. दत्कुनामा गरि २ वटा विद्यालय वगैचा स्थापना भएका छन । यि विद्यालय वगैचा भित्र तरकारीहरु तथा विभिन्न जातका फलफूका विरुवाहरु छन । तरकारी दैनिक दिवा खाजामा प्रयोग हुन्छ भने फलफूलका विरुवाहरु हुर्कदैछन । फलफूलका थप नया बिरुवाहरु बललेचौरमा ८ वटा र दत्कुनामा ७ वटा गरि दुवै वगैचामा जम्मा १५ वटा विरुवाहरु यो वर्ष रोपिएको छन भने समुदायमा झै नियमित तरकारी

विउ सहयोग र प्राविधीक सहयोग प्रदान भैरहेको छ । प्रयावरणीय कृषिको ज्ञानको अभिवृद्दिको लागी ४ वटा छलफलहरु सम्पन्न भए। परियोजना बाट गत बर्ष प्रदान गरिका सामग्रीहरुको समुचिततामा ध्यान दिइएको छ। परियोजनाले प्रदान गरेका सामग्रहिरु निम्न बमोजिम छन

| क्र.स. | विवरण | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | ड्रम (२०० लि.) | वटा | २ | एक विद्यालयमा एक वटा |
| २ | पायप (२० एमएम) | क्वाएल (३०० मि) | २ | एक विद्यालयमा एक वटा |
| ३ | हजारी | वटा | २ | एक विद्यालयमा एक वटा |
| ४ | फिरफिरे | वटा | २ | एक विद्यालयमा एक वटा |
| ५ | बेल्चा | वटा | २ | एक विद्यालयमा एक वटा |

**परियोजनाले विद्यालयमा प्रदान गरेको सामग्रीहरु**

## लक्षित समुदायको खाद्यसुरक्षा वृद्धि गर्न अन्नवाली विविधता प्रवर्द्धन

एकै जातको बाली मात्र लगाउँदा जोखिम वढी लिनुपर्ने भएकोले बालिमा विविधता ल्याउँदा कुनै बालीमा क्षति भए पनि अन्य वालीको फसलवाट अन्नको अभाव टर्ने गर्दछ । घुसुवा बाली खेती गर्दा समग्रमा खाद्य उत्पादन वृद्धिका साथै पोषणको हिसावमा पनि राम्रो नै मानिन्छ। तसर्थ कार्यक्षेत्रमा अन्नवाली (मकै, गहुँ, कोदो र आलु) उत्पादनमा विविधता ल्याई अन्न उपलब्धता वृद्धि गर्न परियोजनाले समुदायमा विभिन्न गतिविधीहरु सञ्चालन गरेको छ।

परियोजना क्षेत्रमामा गहु वालीमा निरन्तर तेश्रो पटक ट्रायल अध्यन सम्पन्न भयो जसमा खुमलशक्ति, कौटिला, डब्लुके १२०४, भेरगिंगा, एनएल १४८८, एनएल१२६, एनएल ११७९, स्वर्गद्धारी, मोनाल जातका गँहु समावेश थिए र यो नौ घरको बारीमा गरिएको थियो। दोश्रो बर्षको गहुको उपयूक्त जात छनोट कार्यशाला गर्दा उत्पादन र सुख्खा सहनसक्ने जातहरु विश्लेषण गर्दा डब्लुके १२०४, स्वर्गद्धारी, खुमलशक्ति, मोनाल यस स्थानको लागी तुलनात्मक रुपमा उपयूक्त जातहरु छानिएका थिए। यस बर्षको बिश्लेषणले डब्लुके १२०४, स्वर्गद्धारी, खुमलशक्ति उपयूक्त जातहरु छान्यो। यी जातहरुलाई आउदो वर्ष विस्तार गर्ने गरी कायशाला सम्पन्न भयो। त्यसै गरी गत बर्ष मकैको उत्पादन सम्वन्धी ३१ जना किसानलाई तालिम प्रदान गरी जम्मा ४१ केजी मकैको विउ उपलब्ध गराईएको थियो भने यस बर्ष ५४ जना किसानलाई ८५ केजी बिउ उपलब्ध गराईएको छ। । जुन मकैका बिउहरु मनकामना ९, पोषिलो १, देउती, जेडएम ६२७, रामपुर कम्पोजिट, गणेश १ हुन। २३ वटै समुहमा मकैको विउ छनोट विधी तथा भण्डारण सम्वन्धी तालिम प्रदान गरियो।

त्यसैगरी पोषणको हिसाबमा महत्वपूर्ण भुमिका ओगटेको कोदो खेतलाई केही फरक रणनीतिका साथ बिस्तार गरियो। बाझो तथा प्रयोग गर्न छोडेको जमिनलाई प्रयोमा ल्याई कोदो खेती विस्तार गरिएको छ। नियमित मकै खेतीलाई कुनै प्रभाव नपार्ने गरी कोदो खेती भएकोछ। परियोजनाले यो वर्ष ६० घरधुरीमा जम्मा ३० केजी कोदोको बिउ उपलब्ध गराएकोछ। यी प्रत्यक किसानहरुले कम्तिमा पनि आधा आधा किलो विउ सहयोग प्राप्त गरि कोदो खेती गरिरहेका छन । त्यसैगरी खाद्य वस्तुमा विविधता ल्याउन यस बर्ष ६० घरधुरीमा परियोजनाले जरेबालीको रुपमा तरुलको बिउ उपलब्ध गराएको छ।

## सरसफाई तथा प्लाष्टिक जन्य फोहर ब्यवस्थापन

परियोजना कार्यन्वयन भईरहेको क्षेत्रमा पनि अन्य स्थानमा जस्तै कमधेरै प्लाष्टिकजन्य फोहर हुन्छ नै। प्लाष्टिकले माटोको गुणस्तर लगायत पर्यावरणमा नराम्रो असर गरिरहेको हुन्छ। परियोजना टोलीले समुह मार्फत सबै टोलमा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्यो र यस बर्ष १६ वटा सरसफाई समिति गठन भएका छन। सबै समुहले प्लाष्टिक जन्य फोहर ब्यवस्थापन गर्न निश्चित स्थान तथा खाडलहरु निर्माण गरेका छन र समुहको मासिक बैठक लगतै आ-आफ्नो टोलको सरसफाई गरी तोकिएको स्थानमा ब्यवस्थापन भईरहेको छ ।

## पर्यावरणयि कृषि नीतिका लागी पैरवी

वडा तथा गाँउपालिका स्तरमा समय समयमा पर्यावरणीय कृषि नीतिको विषयमा समन्वय छलफल भएका छन । स्थानिय निकायलाई पर्यापरणीय कृषि सम्वन्धी ध्यानाकर्षण भएको छ । त्यसैले रैथाने अन्न बालिहरु जस्तै कोदो, फापर, लट्टे(माटे), कागुनो, जुनेलो, स्थानिय कालो सिमी आदी प्रवर्द्धनको लागी कार्यक्रम बाएको छ। नीति नियमावली तयार नभए पनि रैथाने वाली प्रवर्द्धन, किटनासक विषादी द्रुतसाहन, फलफूल खेती विस्तार, मौरी पालन विस्तार, कृषि कार्यालयवाट खुल्ला पराग विउ मात्र सहयोग जस्ता अवधारणा अंगालेको छ। स्थानिय निकाय सँग नियमित समन्वय गर्दा १ वटा मौरी सहितको र १

वटा खाली घार उपलब्ध गराई स्थानिय निकायले परियोजना क्षेत्रमा मौरी पालन सम्बन्धी ११ किसानहरुलाई ७ दिने तालिम प्रदान भयो। त्यसैगरी परनिर्भता लाई कम गर्न र स्थानिय श्रोत साधनको उपभोगलाई प्रवर्द्धन गर्न १५ दिने मालिङ्गो सिप विकास तालिम सञ्चालन भयो। त्यसैगी सव डिभिजन बन र डिभिजन बन कार्यालयले सहयोग गर्ने विरुवाहरु संकलन तथा खरिद गर्दा विषादी रहित नर्सरीहरु खोजी गर्नुले पर्यावरणीय पद्दतीको वुझाईमा विकास हुदै गएको देखिन्छ । यसरी पर्यावरणीय कृषि दद्दतीलाई बलियो बाउदै लैजाने कार्य स्थानिय निकाय सँगको समन्वय तथा सहकार्यहरुबाट भईरहेकोछ। पर्यावरणीय कृषि नीतिको लागी अझ थप समन्वय र सहकार्यको आवश्यक्ता देखिन्छ ।

## छ) यस अवधीमा भएका मुख्य सिकाईहरु

- घरभेट कार्यक्रम
- आर्थिक लगानी बिना पनि राम्रो उपलब्धी जस्तो की खरायो पालन प्रबर्द्धन
- फलफूलका विरुवा रोप्ने समय तथा बार्षिक योजना
- निरन्तर Flow up र अनुगमन
- अभियान

## ज) यस अवधीमा भएका मुख्य समस्या तथा चुनौतीहरु

- सामग्रीहरुको ढुवानीमा समस्या ।
- फलफूलका गुणस्तरिय जातहरुको बिरुवा र सायन पाउन कठिन ।
- तरकारी तथा फलफूलका नया जातहरुको गुणस्तरिय विउ पाउन कठिन ।
- उच्च खडेरीका कारण स्थानिय स्तरमा विउ उत्पादन तथा प्रसारणमा कठिनाई ।
- कार्यक्षेत्र संग  गाउपालिकाको पहुच कम हुदा परियोजनाको पनि बारबार समन्वय हुन नसक्नु ।

## झ) सफलताको कथाहरु

### रैथाने बाली प्रवर्द्धनको पेरणादायी कथा

हिम कुमारी सिस्ने गाउँ पालिका वडा नं २ दत्कुनामा बस्छिन। उनी अहिले ५६ बर्षकी भइन।  उनका ३ छोरा १ छोरी छन। ३ वटै छोराको बिहे भैसकेको छ। ३ नाति ३ नातिनी गरेर ६ नातिनातिना छन तिनै भाइ छोरा अलग-अलग बस्छन। हाल उनी २२ बर्षिय छोरी र ५८ बर्षका श्रीमान सेतु खड्का सहित ३ जनाको परिवार बस्दै आइरहेका छन। उनी मध्यम परिवारका हुन पहिला ४ छोराछोरी हुर्काउन पढाउन लेखाउन निकै गाह्रो थियो। छोरा रोजगारीको शिलशिलामा इन्डिया र नेपालकै सहरतिर काम गर्छन।

२०७९ सालमा फास्टेनएक्सन स्वीजरल्याण्डको आर्थिक सहयोग र नेपाल मगर समाज सेवा तथा सुचना केन्द्र मिक नेपालको आयोजनामा पोषण तथा जिबिकोपार्जण प्रबर्द्धनका लागि पर्यावरणीय कृषि परियोजना सन्चालन भयो। दत्कुनामा पनि भिरपाटन कृषि समूह गठन भयो। हिम कुमारी के सी पनि सदस्य भइन। परियोजनाले सिजन सिजनमा पोषण सुधारका लागि तरकारी बीउ बितरण, खाद्यान्न बाली उत्पादन वृद्धि र बीउ सुदृढीकरणका लागि गहुँ र मकैको बीउ बितरण गर्दै आइरहेको थियो। गत बर्षदेखी रैथाने बाली प्रबर्द्धन कार्यक्रम अन्तर्गत कोदो र फापरको बीउ बितरण का साथै बिशेष गरि हिउदमा बाजो रहने जमिनलाई सदुपयोग गर्ने भनि कृषक छनोट र बीउ बितरण भैरहेको थियो। यो बर्षको लागि२०८१/१२/४ गते बसेको कृषि समुहको बैठकमा कोदो खेतीको लागी कृषक छनोट गर्ने छलफल भयो र हिम कुमारी के सी ले पनि नाम टिपाइन।

परियोजनाबाट आधा माना बीउ सहयोग पाइन। एउटा पाटामा बीउ जमाइन र बेर्ना उत्पादन गरिन, असारमा आलु खनेपछी त्यही जमिनमा बेर्ना प्रसारण गरिन । अहिले २ वटा पाटामा उनले कोदो खेती गरेकी छिन। उनी भन्छिन "पोषणका हिसाबले निकै पोषिलो हुने, धेरै बर्ष राख्दा पनि नबिग्रने, किराले नखाने निकै बलियो अन्न रहेछ", उनका श्रीमान सेतु खाड्का थप्छन "म ८/९ बर्षको हुदा आमाले कोदो खेती गर्नुहुन्थ्यो।  त्यो पछी आफुले कहिल्यै कोदो खेती नगरेको बताउनुभयो। अहिले ५० बर्षपछी कोदो लगाउदा आमाको याद आयो आमाको तिर्शना मेटियो कोदो राम्रो उत्पादन राम्रो भयो भने कोदोको ढिडो रोटी खान मन छ। अब कोदो खेतीलाई निरन्तरता दिने बिचार छ। " उनले हराउदै गएको कोदो खेती बिस्तार गरेको र आफुलाइ बीउ सहयोग गरि कोदो खेती गर्न प्रेरणा दिएकोमा परियोजना टिमलाई मनैदेखी धन्यबाद दिन्छन हिम कुमारी र सेतु खड्काले ।

नन्दलाल घर्ती
सामाजिक परिचालक
मिक नेपाल/पर्यावरणीय कृषि परियोजना


## ज) यस परियोजनाको आर्थिक प्रगती बिवरण

| शिर्षक | योजना गरिएको बजेट | खर्च भएको बजेट |
|---|---|---|
| **कर्मचारी खर्च** | २३५१९९१ | २१५४९६८ |
| **प्रशासनिक खर्च** | ३३४७५५ | २८४९११ |
| **परियोजना खर्च** | ३६३३३३९ | ३२३०२८४ |
| **लगानी खर्च** | १३७५०० | १८९६४२ |
| **दाता लेखापरिक्षण खर्च** | ० | ६५६७० |
| **जम्मा** | ६४५७५८५/- | ५९२५४७५ |

# ४. अनुसूचीहरु


## अनुसूची-१


## यस आ.व.को संक्षिप्तमा आर्थिक विवरण




## अनुसूची-२

## यस आ.व.मा संस्थाका सम्पूर्ण परियोजनाबाट लाभान्वित वर्गहरुको विवरण




लैंगिक आधारमा लाभान्वितहरु
male, 4268, 33%
Female, 8671, 67%
male
Female



# समतामूलक, सशक्त र आत्मनिर्भर समाज निर्माण रणनीति

### केका लागि गर्ने ?

यी सम्पूर्ण प्रयासहरूको अन्तिम उद्देश्य भनेको समतामूलक, सशक्त र आत्मनिर्भर समाजको स्थापना गर्नु हो।

### कहाँ गर्ने ?

कार्यक्रमको कार्यक्षेत्र मुख्य रूपमा कर्णाली प्रदेश र लुम्बिनी प्रदेशमा छ।

### कोसँग गर्ने ?

कार्यक्रम विशेषगरी समाजका पछाडि पारिएका र जोखिममा रहेका वर्गलाई लक्षित गर्दछः दलित र जनजाति, महिला र बालबालिका, सिमान्तकृत वर्ग, गरिब तथा विपन्न वर्ग।

### कसरी गर्ने ?

कार्यक्रमको कार्यान्वयन निम्न विधि र रणनीतिहरू मार्फत गरिन्छः सामाजिक परिचालन, क्षमता विकास, सशक्तिकरण, वकालत।

### के गर्ने ?

कार्यक्रमले समुदायको समग्र विकासलाई केन्द्रमा राख्दै निम्न मुख्य क्षेत्रहरूमा काम गर्ने लक्ष्य राख्दछः शिक्षा, स्वास्थ्य तथा सरसफाइ, दिगो जीविकोपार्जन, सूचना तथा सञ्चार, वन, वातावरण तथा जलवायु परिवर्तन, पर्यटन विकास।




## OUR 5 Supporting Partners

FAIRMED Health for the Poorest

WELT HUNGER HILFE WHH

Fastenaktion

Ipas NEPAL Partners for Reproductive Justice

UMN